

सार्वजनिक सेवा र सुशासन सर्वेक्षण
मधेश, लुम्बिनी र काठमाण्डौं, २०८३

प्रेम दर्शन सापकोटा, सृष्टि अधिकारी र तिलक पाठक

परिचय

लोकतान्त्रिक व्यवस्थाको प्रभावकारिता, सार्वजनिक संस्थाको विश्वसनीयता र नागरिकको जीवनस्तर सुधारसँग सुशासन प्रत्यक्ष जोडिएको हुन्छ। सरकार वा सार्वजनिक संस्थाले नीति निर्माण गर्ने र प्रशासन सञ्चालन गर्ने औपचारिक प्रक्रियाबाट मात्र शासनको गुणस्तर एवं प्रभावकारिर्ता मूल्याङ्कन गर्न सकिँदैन। बरु, सार्वजनिक निकायले गर्ने नागरिकका आवश्यकता सम्बोधनका साथै त्यस्ता निकायले दिने सेवाको गुणस्तर र सहजताका आधारमा शासनको प्रभावकारिता मापन गर्ने गरिन्छ। यसका साथै सार्वजनिक निकायका निर्णय प्रक्रियामा रहेको पारदर्शिता र नागरिकप्रतिको जवाफदेहिता पनि शासनको प्रभावकारितासँग जोडिएको हुन्छ। विश्व बैंक (२०१७) ले शासनको प्रभावकारिता संस्थागत संरचनामा मात्र निर्भर नभई शक्ति सम्बन्ध, निर्णय प्रक्रियामा सहभागिता, संस्थागत समन्वय र सहकार्यले त्यसलाई प्रभावित गर्ने उल्लेख गरेको छ।[१]

त्यसैले सुशासन भन्नाले राज्यका संस्थाहरूले सार्वजनिक अधिकार र स्रोतको प्रयोग कसरी गर्छन्, निर्णय कसरी लिन्छन् र नागरिकप्रति कसरी उत्तरदायी हुन्छन् भन्ने समग्र प्रक्रिया बुझिन्छ। सुशासनको अवधारणालाई प्रशासनिक दक्षतामा मात्र सीमित नगरी नागरिक सहभागिता, पारदर्शिता, जवाफदेहिता, कानुनी शासन, समावेशिता, निष्पक्षता र सार्वजनिक सेवाको प्रभावकारिता जस्ता पक्षबाट हेर्नुपर्ने हुन्छ। संयुक्त राष्ट्रसङ्घीय आर्थिक तथा सामाजिक आयोगले सुशासनका प्रमुख विशेषतामा सहभागितामूलक शासन, कानुनी शासन, पारदर्शिता, उत्तरदायित्व, सहमति निर्माण, समावेशिता, प्रभावकारिता र दक्षता समावेश गरेको छ।[२]

त्यसो त शासनलाई नागरिकको नजिक पुऱ्याउन, स्थानीय आवश्यकताअनुसार सार्वजनिक सेवा उपलब्ध गराउन र नागरिकको सहभागिता तथा उत्तरदायित्वलाई बलियो बनाउने उद्देश्यले सङ्घीय संरचनाअनुसार सङ्घ, प्रदेश र स्थानीय गरी ३ तहको काम र अधिकार क्षेत्र संविधानमै बाँडफाँट गरिएको छ। यो अवस्थामा संस्थागत संरचनाको अध्ययनसँगै नागरिकले सेवा प्राप्त गर्दा भोग्ने अनुभव, सरकारको कार्यसम्पादनप्रतिको मूल्याङ्कन, सार्वजनिक संस्थाप्रतिको सन्तुष्टि र निर्णय प्रक्रियामा आफ्नो सहभागिताको अवस्थालाई लिएर गरिएको अध्ययनले मात्रै सुशासनको वास्तविक अवस्था देखाउन सक्छ। त्यसैले यस अध्ययनमा सुशासनको अवधारणालाई सार्वजनिक सेवा प्रवाह एवं संस्थागत कार्यसम्पादन, पारदर्शितासहितको जवाफदेहिता एवं नागरिक सहभागिता र सार्वजनिक संस्थाप्रतिको सन्तुष्टि तथा विश्वास गरी ३ आयामबाट हेरिएको छ।

---

१ World Bank (2017). *World Development Report 2017: Governance and the Law. Washington, DC: World Bank. doi:10.1596/978-1-4648-0950-7.*

२ UNESCAP (n.d.). What is Good Governance? https://www.unescap.org/sites/default/files/good-governance.pdf?utm_source=chatgpt.com

प्रतिवेदनमा सार्वजनिक सेवा प्राप्त गर्दाको अनुभव, स्थानीय सरकारको पारदर्शिता, जनप्रतिनिधि र कर्मचारीको व्यवहार, स्वास्थ्य तथा शिक्षा सेवाको गुणस्तर, सडक र यातायात, सञ्चार तथा इन्टरनेट, पिउने पानी, विद्युत्, फोहोर व्यवस्थापन, प्राकृतिक विपद् व्यवस्थापन, सामुदायिक सहभागिता, सार्वजनिक संस्थाप्रतिको सन्तुष्टि, सरकारको कार्यसम्पादन र भ्रष्टाचारसम्बन्धी नागरिक धारणा समेटिएको छ। अध्ययनले शासनलाई प्रशासनिक कार्यसम्पादनको विषयमा मात्र सीमित नराखी नागरिकको दैनिक जीवन, सार्वजनिक सेवासँगको अन्तर्क्रिया र लोकतान्त्रिक संस्थाप्रतिको धारणासँग जोडेको छ। नागरिकले राज्यलाई कसरी अनुभव गरेका छन्, कुन संस्थाप्रति सन्तुष्ट वा असन्तुष्ट छन् र विभिन्न भौगोलिक क्षेत्रमा शासनसम्बन्धी अनुभव कसरी फरक छन् भन्ने प्रश्नको विश्लेषण गर्न यो सर्वेक्षण प्रतिवेदनले आधार दिएको छ।

अनुसन्धान विधि

यो अध्ययन मधेस (धनुषा, सप्तरी, रौतहट र पर्सा), लुम्बिनी (दाङ, नवलपरासी, बर्दिया र गुल्मी) र काठमाडौं उपत्यका (काठमाडौं, ललितपुर र भक्तपुर) गरी कुल ११ जिल्लामा गरिएको छ। च्यान्डम स्याम्पलिङ तरिका प्रयोग गरी मधेस र लुम्बिनी प्रदेशबाट ४/४ वटा जिल्ला छनोट गरिएको थियो भने काठमाडौं उपत्यकाको हकमा जिल्लाको सङ्ख्या थोरै भएकाले ३ वटै जिल्ला छनोट गरिएको थियो। सन्तुलित प्रतिनिधित्वका लागि मधेस र लुम्बिनी प्रदेशका प्रत्येक जिल्लाबाट सबै भन्दा धेरै जनसङ्ख्या भएको १ गाउँपालिका र १ नगरपालिका छनोट गरिएको थियो भने काठमाडौं उपत्यकाकाअन्तर्गतका जिल्लाबाट सबै भन्दा धेरै जनसङ्ख्या भएको नगरपालिका छनोट गरिएको थियो।

सर्वेक्षणमा मधेस प्रदेशबाट धनुषा (जनकपुर उपमहानगरपालिका र लक्ष्मिनियाँ गाउँपालिका), सप्तरी (राजविराज नगरपालिका र तिलाठी कोइलाडी गाउँपालिका), रौतहट (चन्द्रपुर नगरपालिका र यमुनामाई गाउँपालिका), पर्सा (वीरगन्ज महानगरपालिका र सखुवा प्रसौनी गाउँपालिका) छनोटमा परेका थिए भने लुम्बिनी प्रदेशबाट दाङ (घोराही उपमहानगरपालिका र राप्ती गाउँपालिका), बर्दिया (बारबर्दिया नगरपालिका र बढैयाताल गाउँपालिका), गुल्मी (रेसुङ्गा नगरपालिका र सत्यवती गाउँपालिका) र नवलपरासी (बर्दघाट नगरपालिका र प्रतापपुर गाउँपालिका) छन्। त्यस्तै काठमाडौं उपत्यकाबाट काठमाडौं (काठमाडौं महानगरपालिका), ललितपुर (ललितपुर महानगरपालिका) र भक्तपुर (सूर्यविनायक नगरपालिका) सर्वेक्षणका क्रममा छनोटमा परेका थिए।

सर्वेक्षणमा मधेस, लुम्बिनी प्रदेश र काठमाडौं उपत्यकाबाट ४७५ जनाको दरले कुल १४२५ उत्तरदाता छनोट गरिए पनि लुम्बिनी प्रदेशअन्तर्गत नवलपरासी जिल्लाको प्रतापपुर गाउँपालिकाबाट १ जना थप गरी १४२६ जनामा सर्वेक्षण गरिएको थियो। शतप्रतिशत तथ्याङ्क (मधेसबाट ३३.३१, काठमाडौंबाट ३३.३१ र लुम्बिनीबाट ३३.३८ प्रतिशत) का लागि यसो गरिएको थियो। यो नमुना छनोट गर्दा 'मार्जिन अफ एरर' ४.५ प्रतिशत र 'कन्फिडेन्स लेभल' ९५ प्रतिशत छ।



नक्सा १ : सर्वेक्षणका लागि छनौट गरिएका स्थान (स्थानीय तह)

२०८२ साल वैशाखदेखि असारको बीचमा तथ्याङ्क सङ्कलन गरिएको यो सर्वेक्षणका क्रममा बहुचरण छनोट विधि अपनाइएको थियो। पालिका छनोट भएपछि पहिलो चरणमा हरेक पालिकाबाट बराबर वडा छनोट गरिएका थिए भने दोस्रो चरणमा बसाइँ सराइका आधारमा वडाहरूलाई समूहमा विभाजन गरी 'सिम्पल च्यान्डम स्याम्पलिङ' विधिका आधारमा सर्वेक्षण टोली जाने क्षेत्र पहिचान गरिएको थियो। तेस्रो चरणमा चाहिँ सर्वेक्षण टोली जाने क्षेत्रको घर गणना गरी 'सिस्टमेटिक च्यान्डम स्याम्पलिङ' मार्फत सर्वेक्षण गर्ने घर छनोट गरिएको थियो। त्यसपछि सर्वेक्षकले घडीको दिशा पछ्याएर घर/परिवार छनोट गरे। गाउँपालिकाको हकमा प्रारम्भिक घर/परिवार छनोट गरिसकेपछि प्रतितेस्रो घर/परिवार र नगरपालिकाको हकमा प्रतिपाँचौं घर/परिवार छनोट गरियो। अन्त्यमा 'किस ग्रिड' विधि प्रयोग गरी अन्तर्वार्ताका लागि चयन गरिएका घर/परिवारबाट १८ वर्ष वा त्यस भन्दा माथिका १ जना उत्तरदाता छनोट गरियो। प्रत्येक चरणमा प्रतिनिधित्व एकिन गर्न यस किसिमको विधि अपनाइएको हो।

सर्वेक्षणमा पुरुष ५०.९८ र महिला ४९.०२ प्रतिशत सहभागी थिए। सर्वेक्षणमा सबै भन्दा धेरै ४६ देखि ६० वर्ष उमेर समूहको सहभागिता थियो जुन कुल सहभागीको मात्रा २६.०१ प्रतिशत हो। त्यस्तै, ३६ देखि ४५ वर्ष उमेर समूहका २२.२३ प्रतिशत, २६ देखि ३५ वर्ष उमेर समूहका २०.२ प्रतिशत, १८ देखि २५ वर्ष उमेर समूहका १६.३४ प्रतिशत र ६१ वर्ष उमेरमाथिका १५.२२ प्रतिशत सहभागी थिए।[३]

शैक्षिक योग्यताको हिसावले सर्वेक्षणमा निरक्षर १०.७३ प्रतिशत, एसएलसी/एसइइ भन्दा कम ३५.२३ प्रतिशत, एसएलसी र दश जोड दुई उत्तीर्ण ३७.०४ प्रतिशत र स्नातकमाथिका १७ प्रतिशत सहभागी थिए।

सर्वेक्षणमा सहभागीमध्ये ८२.१९ प्रतिशत विवाहित थिए भने १४.८७ प्रतिशत अविवाहित थिए। त्यस्तै सम्बन्ध विच्छेद गरेका वा छुट्टिएका ०.४९ प्रतिशत र विधुर/विधवाचाहिँ २.४५ प्रतिशत थिए।

सर्वेक्षणमा सहभागीमध्ये सबै भन्दा धेरै अर्थात् २७.६ प्रतिशत पहाडी जात थिए भने त्यसपछि २५ प्रतिशत पहाडी जनजाति र १८.३ प्रतिशत तराई जात थिए। सर्वेक्षणमा सहभागीमध्ये तराई जनजातिको मात्रा १० प्रतिशत थियो भने थारू ७.४ प्रतिशत, तराई दलित ५.१ प्रतिशत, पहाडी दलित ३.९ प्रतिशत, मुस्लिम २.५ प्रतिशत र हिमाली जनजाति ०.२ प्रतिशत थिए।[४]

धर्मका हिसाबले सबै भन्दा धेरै ९०.५ प्रतिशत हिन्दु थिए। बौद्ध धर्म मान्नेहरू ४.७ प्रतिशत, इस्लाम २.५ प्रतिशत, इसाई १.५ प्रतिशत, किराँत ०.३ प्रतिशत, प्रकृति ०.१ प्रतिशत र नास्तिक ०.२ प्रतिशत थिए भने ०.२ प्रतिशतले भन्न चाहन्न भन्ने जवाफ दिए।

सर्वेक्षणमा सहभागीमध्ये ४७.५ प्रतिशत जन्मेदेखि नै त्यही ठाउँमा बस्दै आएका थिए। १० वर्ष भन्दा बढी समयदेखि बस्दै आएका ४२.२ प्रतिशत थिए भने ३ वर्ष भन्दा बढी तर १० वर्ष भन्दा कम समय बस्नेहरू ८.३ प्रतिशत थिए। त्यसैगरी ३ वर्ष भन्दा कम समयदेखि सोही ठाउँमा बस्दै आएकाहरूको मात्रा २ प्रतिशत थियो।

सर्वेक्षणमा सहभागी भएकामध्ये सबै भन्दा धेरै व्यापार/व्यवसाय गर्ने/स्वरोजगार थिए जो २१.८८ प्रतिशत थिए। त्यसपछि कृषक १९.९९ प्रतिशत थिए भने गृहिणी १७.१८ प्रतिशत, निजी क्षेत्रमा काम गर्नेहरू ७.८५ प्रतिशत, विद्यार्थी ७.५७ प्रतिशत र रोजगारी नभएकाहरू ५.४ प्रतिशत थिए। सर्वेक्षणमा सहभागीमध्ये सेवानिवृत्त ५.१२ प्रतिशत, श्रमिक ३.८६ प्रतिशत, सरकारी कर्मचारी २.८८ प्रतिशत, समाजसेवा २.५९ प्रतिशत, शिक्षक/शिक्षिका २.५२ प्रतिशत, सवारी चालक १.६१ प्रतिशत, स्वास्थ्यकर्मी ०.७ प्रतिशत, ठेकेदार ०.४९ प्रतिशत र अन्य भन्ने ०.३६ प्रतिशत थिए।

सर्वेक्षणमा सहभागी भएकामध्ये सबै भन्दा धेरै मासिक आम्दानी ३० देखि ५० हजार हुने घर परिवार २६.१६ प्रतिशत थिए। त्यस्तै ५० हजार रुपियाँ भन्दा बढी मासिक आम्दानी हुनेहरू २४.८९ प्रतिशत, २० देखि ३० हजार हुने २०.४८ प्रतिशत, १० देखि २० हजार हुने १६.९७ प्रतिशत र १० हजार भन्दा कम मासिक आम्दानी हुने ७.३६ प्रतिशत थिए। सर्वेक्षणमा सहभागीमध्ये १.९७ प्रतिशतले आफ्नो घर/परिवारको मासिक आम्दानी भन्न चाहेनन् भने २.१७ प्रतिशतले थाहा छैन भन्ने जवाफ दिए।

सर्वेक्षणका क्रममा 'एकदम सहमत', 'सहमत', 'न सहमत न असहमत', 'असहमत' र 'एकदम असहमत' जस्ता बहुविकल्प राखी लाइकर्ट स्केलमा प्रश्नावली सोधिएको थियो। थाहा छैन र भन्न चाहन्न जस्ता विकल्प राखिए पनि यसको सङ्ख्या उल्लेखनीय नभएकाले विश्लेषणका क्रममा जोडेर संयुक्त हिसावले प्रस्तुत गरिएको छ। त्यसैले प्रतिवेदनमा थाहा छैन र भन्न चाहन्न जे शब्दावली प्रयोग गरे पनि त्यसले दुवैको जोडफललाई जनाएको छ। विश्लेषणका क्रममा कतिपय स्थानमा 'एकदम सहमत' र 'सहमत' लाई जोडेर सहमतका रूपमा प्रस्तुत गरिएको छ भने 'असहमत' र 'एकदम असहमत' लाई जोडेर असहमतका रूपमा उल्लेख गरिएको छ।

---

३ नेपालमा बालिग उमेर १८ वर्ष भएकाले त्यस भन्दा कम उमेर समूहलाई सर्वेक्षणमा सहभागी गराइएको छैन भने पुस्तागत धारणा ब'झ्नका लागि उमेर समूहमा फरक-फरक अन्तराल राखिएको छ।

४ जातीय समूहको विभाजनका लागि पीताम्बर शर्माको नेपाली क्यानभासका रङहरू (सन् २००८) पुस्तकलाई आधार बनाइएको छ।

सेवा प्रवाह र असन्तुष्टि

१.१ स्थानीय तहको सेवा प्रवाह र पारदर्शिता

स्थानीय तहको कार्यालयमा सेवा लिँदा अप्ठेरो परेको छैन भन्नेमा सहमत हुने समग्रमा ६४.९ प्रतिशत छन् भने असहमत हुने २६.८ प्रतिशत छन् । त्यस्तै ७.२ प्रतिशत उत्तरदाताले न सहमत न असहमत रहेको बताएका छन् भने १.१ प्रतिशतले थाहा छैन/भन्न चाहन्न भन्ने जवाफ दिएका छन् । प्रदेशगतरूपमा हेर्दा स्थानीय तहको कार्यालयमा सेवा लिँदा अप्ठेरो परेको छैन भन्नेमा सहमत हुनेहरूको प्रतिशत काठमाडौं (७५.५ प्रतिशत) मा सबै भन्दा बढी छ । त्यसपछि लुम्बिनी (७४.२ प्रतिशत) छ भने मधेश (४५.१ प्रतिशत) मा सबै भन्दा कम छ । यस हिसाबले काठमाडौं र लुम्बिनीको तुलनामा मधेसमा स्थानीय सेवा प्राप्तिमा नागरिकले बढी कठिनाइ अनुभव गरेका देखिन्छ ।

स्थानीय सरकारले सार्वजनिक सेवाका विषयमा उपलब्ध गराउने सूचनादेखि सन्तुष्ट छु भन्नेमा समग्रमा ३७.५ प्रतिशत सहमत छन् भने ५१.० प्रतिशत असहमत छन् । त्यस्तै, ८.५ प्रतिशत न सहमत न असहमत छन् भने ३.० प्रतिशतले थाहा छैन/भन्न चाहन्न भन्ने जवाफ दिएका छन् । प्रदेशगतरूपमा हेर्दा यस भनाइमा सहमत हुनेहरूको सङ्ख्या काठमाडौं (४९.४ प्रतिशत) मा सबै भन्दा बढी छ । त्यसपछि लुम्बिनी (३८.५ प्रतिशत) छ भने मधेश (२४.६ प्रतिशत) मा सबै भन्दा कम छ । असहमतिको सङ्ख्या भने मधेसमा ६७.८ प्रतिशत पुगेको छ जुन अन्य प्रदेशको तुलनामा निकै बढी हो । स्थानीय सरकारले सार्वजनिक सेवाका विषयमा उपलब्ध गराउने सूचनाको विषयमा मधेसमा उच्च असन्तुष्टि देखिन्छ ।

स्थानीय सरकारको काम कारबाहीको पारदर्शिताप्रति सन्तुष्ट छु भन्नेमा समग्रमा २३.४ प्रतिशत मात्रै सहमत छन् भने ५५.८ प्रतिशत असहमत छन् । त्यस्तै १३.३ प्रतिशत न सहमत न असहमत छन् भने ७.५ प्रतिशतले थाहा छैन/भन्न चाहन्न भन्ने जवाफ दिए । यसमा सहमत हुनेमा काठमाडौं (३२.८ प्रतिशत), लुम्बिनी (२०.६ प्रतिशत) र मधेश (१६.६ प्रतिशत) छन् । असहमत हुनेहरूको प्रतिशत मधेशमा ६५.२ प्रतिशत रहेको छ जुन सबैभन्दा बढी हो । समग्रमा सबैतिर स्थानीय सरकारको पारदर्शिताप्रति नागरिक असन्तुष्ट देखिए पनि मधेसमा चाहिँ यो असन्तुष्टि अझ बढी देखिन्छ ।

तालिका १.१ स्थानीय तहको सेवा प्रवाह र पारदर्शिताको विषयमा उत्तरदाताको धारणा

स्थानीय तहको सेवा प्रवाह र पारदर्शिता		सहमत	असहमत	न सहमत न असहमत	थाहा छैन/ भन्न चाहन्न
स्थानीय तहका कार्यालयमा सेवा लिँदा अप्ठेरो परेको छैन ।	समग्र	६४.९	२६.८	७.२	१.१
	मधेश	४५.१	४५.९	९.०	-
	लुम्बिनी	७४.२	१७.३	७.८	०.७
	काठमाडौं	७५.५	१७.२	४.६	२.७
स्थानीय सरकारले सार्वजनिक सेवाका विषयमा उपलब्ध गराउने सूचनादेखि सन्तुष्ट छु ।	समग्र	३७.५	५१	८.५	३.०
	मधेश	२४.६	६७.८	७.२	०.४
	लुम्बिनी	३८.५	४३.७	११.१	६.७
	काठमाडौं	४९.४	४१.२	७.२	२.२
स्थानीय सरकारको काम कारवाहीको पारदर्शिताप्रति सन्तुष्ट छु ।	समग्र	२३.४	५५.८	१३.३	७.५
	मधेश	१६.६	६५.२	१७.७	०.५
	लुम्बिनी	२०.६	५२.७	१२.४	१४.३
	काठमाडौं	३२.८	४९.२	९.७	८.३

१.२ जनप्रतिनिधि एवं कर्मचारीको व्यवहार

स्थानीय तहमा निर्वाचित जनप्रतिनिधिको व्यवहार राम्रो पाएको छु भन्नेमा समग्रमा ६२.४ प्रतिशत सहमत छन् भने २०.६ प्रतिशत असहमत छन्। १३.९ प्रतिशत न सहमत न असहमत छन् भने ३.१ प्रतिशतले थाहा छैन/भन्न चाहन्न भन्ने जवाफ दिए। यसमा सहमत हुनेहरूको प्रतिशत काठमाडौं (७०.३ प्रतिशत) मा सबै भन्दा बढी छ। त्यसपछि लुम्बिनी (६३.९ प्रतिशत) र मधेश (५३.३ प्रतिशत) छन्। असहमतिको प्रतिशत चाहिँ मधेशमा ३१.४ छ जुन लुम्बिनी प्रदेशको तुलनामा दोब्बर र काठमाडौं उपत्यकाको तुलनामा झण्डै तेब्बरले बढी हो। यसले पनि काठमाडौं उपत्यका र लुम्बिनी प्रदेशको तुलनामा मधेसमा जनप्रतिनिधिको व्यवहारप्रति नागरिकमा कम सन्तुष्टि देखिन्छ।

स्थानीय तहअन्तर्गतका सरकारी कार्यालयमा सेवा लिँदा कर्मचारीबाट राम्रो व्यवहार पाएको छु भन्नेमा समग्रमा ५९.० प्रतिशत सहमत छन् भने २६.८ प्रतिशत असहमत छन्। त्यस्तै, १३.० प्रतिशत न सहमत न असहमत छन् भने १.२ प्रतिशतले थाहा छैन/भन्न चाहन्न भन्ने जवाफ दिए। यसमा सहमत हुनेहरूको सङ्ख्या लुम्बिनी (६४.७ प्रतिशत), काठमाडौं (६०.६ प्रतिशत) र मधेश (५१.६ प्रतिशत) छन्। असहमत हुनेहरूको प्रतिशत भने मधेसमा ३४.३ प्रतिशत छ जुन अन्य प्रदेशको तुलनामा बढी हो। यसबाट कर्मचारीको व्यवहारप्रति लुम्बिनीका नागरिक सबै भन्दा बढी सन्तुष्ट र मधेसमा सबै भन्दा कम सन्तुष्ट रहेका देखिन्छ।

तालिका १.२ : जनप्रतिनिधि एवं कर्मचारीको व्यवहारप्रति उत्तरदाताको धारणा

जनप्रतिनिधि एवं कर्मचारीको व्यवहार		सहमत	असहमत	न सहमत न असहमत	थाहा छैन/ भन्न चाहन्न
स्थानीय तहमा निर्वाचित जनप्रतिनिधिको व्यवहार राम्रो पाएको छु।	समग्र	६२.४	२०.६	१३.९	३.१
	मधेश	५३.३	३१.४	१५.३	-
	लुम्बिनी	६३.९	१५.४	१७.९	२.८
	काठमाडौं	७०.३	८.४	१५.२	६.१
स्थानीय तहअन्तर्गतका सरकारी कार्यालयमा सेवा लिँदा कर्मचारीबाट राम्रो व्यवहार पाएको छु।	समग्र	५९	२६.८	१३	१.२
	मधेश	५१.६	३४.३	१४.१	-
	लुम्बिनी	६४.७	१९.८	१५.१	०.४
	काठमाडौं	६०.६	२६.५	९.७	३.२

१.३ स्वास्थ्य, शिक्षा, यातायात र सञ्चारप्रतिको सन्तुष्टि

मेरो वरपर (गाउँ/शहर) को स्वास्थ्य संस्थाको सेवा र गुणस्तरप्रति सन्तुष्ट छु भन्ने विषयमा समग्रमा सहमत हुने ४८.७ प्रतिशत र असहमत हुने ३६.५ प्रतिशत छन् भने न सहमत न असहमत हुने १३.१ प्रतिशत र थाहा छैन/भन्न चाहन्न भन्ने १.७ प्रतिशत छन्। सहमत हुनेमा मधेश (४१.५ प्रतिशत) को तुलनामा काठमाडौं (५१.६ प्रतिशत) का बढी छन् भने त्यस भन्दा पनि बढी लुम्बिनी (५३.२ प्रतिशत) मा छन्। असहमत हुनेमा मधेश (४६.९ प्रतिशत) का सबै भन्दा बढी छन् भने त्यसपछि काठमाडौं (३४.१ प्रतिशत) र लुम्बिनी (२८.६ प्रतिशत) छन्। काठमाडौं र लुम्बिनीमा असन्तुष्टि समग्र भन्दा कम देखिएको छ।

देशको समग्र स्वास्थ्य संस्थाको सेवा र गुणस्तरप्रति सन्तुष्ट छु भन्नेमा समग्रमा ३१.५ प्रतिशत सहमत छन् भने ५०.० प्रतिशत असहमत छन्। १३.७ प्रतिशत न सहमत न असहमत छन् भने ४.८ प्रतिशतले थाहा छैन/भन्न चाहन्न भन्ने जवाफ दिएका छन्। सहमत हुनेमा मधेश (४४.८ प्रतिशत) सबै भन्दा अगाडि रहेको छ भने त्यसपछि लुम्बिनी (३०.४ प्रतिशत) र काठमाडौं (१९.१ प्रतिशत) छन्। असहमत हुनेमा काठमाडौं (६६.८ प्रतिशत) सबै भन्दा बढी रहेको छ भने त्यसपछि लुम्बिनी (४४.४ प्रतिशत) र मधेश (३९.० प्रतिशत) रहेका छन्।

स्थानीय स्वास्थ्य सेवाको तुलनामा राष्ट्रिय स्वास्थ्य सेवाप्रति सन्तुष्ट हुने मधेसमा ३.३ प्रतिशतले बढी छन् भने लुम्बिनीमा २२.८ प्रतिशत र काठमाडौंमा ३२.५ प्रतिशतले कम छन्। असन्तुष्ट हुनेको कुरा गर्दा स्थानीय स्वास्थ्य सेवाको तुलनामा राष्ट्रिय स्वास्थ्य सेवाप्रति असन्तुष्ट हुने मधेसमा ७.९ प्रतिशतले कम छन् भने लुम्बिनीमा १५.८ प्रतिशत र काठमाडौंमा ३२.७ प्रतिशतले बढी छन्। यसले स्थानीय स्वास्थ्य

सेवाको तुलनामा राष्ट्रिय स्वास्थ्य प्रणालीप्रति विशेषगरी लुम्बिनी प्रदेश र काठमाडौं उपत्यकाका नागरिक बढी असन्तुष्ट रहेका देखाउँछ।

मेरो वरपर (गाउँ/शहर) को शैक्षिक संस्थाको पढाइ र गुणस्तरप्रति सन्तुष्ट छु भन्नेमा समग्रमा ४७.८ प्रतिशत सहमत छन् भने ३५.७ प्रतिशत असहमत छन्। १३.९ प्रतिशत न सहमत न असहमत छन् भने २.६ प्रतिशतले थाहा छैन/भन्न चाहन्न भन्ने जवाफ दिएका छन्। सहमत हुनेमा काठमाडौं (५७.५ प्रतिशत) सबै भन्दा बढी रहेको छ भने त्यसपछि लुम्बिनी (५०.० प्रतिशत) दोस्रो स्थानमा र मधेश (३५.७ प्रतिशत) सबै भन्दा कम छ। असहमत हुनेमा मधेश (५२.९ प्रतिशत) सबै भन्दा बढी रहेको छ भने त्यसपछि लुम्बिनी (२८.८ प्रतिशत) र काठमाडौं (२५.५ प्रतिशत) छ। यसले स्थानीय शिक्षा सेवाप्रति काठमाडौं र लुम्बिनीमा तुलनात्मकरूपमा असन्तुष्टि कम रहेको देखाउँछ।

देशको समग्र शैक्षिक संस्थाको पढाइ र गुणस्तरप्रति सन्तुष्ट छु भन्नेमा समग्रमा ३४.० प्रतिशत सहमत छन् भने ४७.५ प्रतिशत असहमत छन्। १३.७ प्रतिशत न सहमत न असहमत छन् भने ४.८ प्रतिशतले थाहा छैन/भन्न चाहन्न भन्ने जवाफ दिएका छन्। सहमत हुनेमा मधेश (४७.८ प्रतिशत) सबै भन्दा बढी रहेको छ भने त्यसपछि लुम्बिनी (२९.४ प्रतिशत) र काठमाडौं (२४.८ प्रतिशत) रहेका छन्। असहमत हुनेमा काठमाडौं (५९.५ प्रतिशत) सबै भन्दा बढी रहेको छ भने त्यसपछि लुम्बिनी (४४.३ प्रतिशत) र मधेश (३८.६ प्रतिशत) छन्।

स्थानीय स्तरको तुलनामा राष्ट्रिय स्तरमा शैक्षिक संस्थाको पढाइ र गुणस्तरप्रति नागरिक कम सन्तुष्ट रहेका देखिन्छ। समग्रमा स्थानीय स्तरको तुलनामा राष्ट्रिय स्तरमा शैक्षिक संस्थाको पढाइ र गुणस्तरप्रति १३.८ प्रतिशत कम सन्तुष्ट छन् भने लुम्बिनीमा २०.६ प्रतिशत र काठमाडौंमा ३२.७ प्रतिशतले कम सन्तुष्ट छन्। तर मधेसको सवालमा चाहिँ यसको ठीक विपरित देखिन्छ। स्थानीय स्तरको तुलनामा राष्ट्रिय स्तरमा शैक्षिक संस्थाको पढाइ र गुणस्तरप्रति १२.१ प्रतिशतले बढी सन्तुष्ट रहेका देखिन्छ।

असन्तुष्ट हुनेहरूको कुरा गर्ने हो भने समग्रमा स्थानीय स्तरको तुलनामा राष्ट्रिय स्तरमा शैक्षिक संस्थाको पढाइ र गुणस्तरप्रति असन्तुष्ट हुनेहरूको सङ्ख्या १२ प्रतिशतले बढी छ भने यो सङ्ख्या लुम्बिनीमा १५.५ प्रतिशत र काठमाडौंको सवालमा ३४ प्रतिशतले बढी छ। तर मधेसमा भने राष्ट्रिय स्तरको तुलनामा स्थानीय स्तरको शैक्षिक संस्थाको पढाइ र गुणस्तरप्रति १४.३ प्रतिशतले कम असन्तुष्ट छन्। यसले मधेसबाहेक लुम्बिनी प्रदेश र काठमाडौं उपत्यकामा स्थानीय स्तरको तुलनामा राष्ट्रिय शिक्षा प्रणालीप्रति नागरिक बढी असन्तुष्ट रहेका देखिन्छ।

मेरो वरपर (गाउँ/शहर) उपलब्ध सार्वजनिक यातायात सेवाप्रति सन्तुष्ट छु भन्नेमा समग्रमा ५३.६ प्रतिशत सहमत छन् भने ३६.६ प्रतिशत असहमत छन्। ९.० प्रतिशत न सहमत न असहमत छन् भने ०.८ प्रतिशतले थाहा छैन/भन्न चाहन्न भन्ने जवाफ दिएका छन्। सहमत हुनेमा लुम्बिनी (६१.२ प्रतिशत) सबै भन्दा बढी रहेको छ भने त्यसपछि काठमाडौं (५३.४ प्रतिशत) र मधेश (४६.१ प्रतिशत) रहेका छन्। असहमत हुनेमा मधेश (४५.७ प्रतिशत) सबै भन्दा बढी रहेको छ भने त्यसपछि काठमाडौं (३८.५ प्रतिशत) र लुम्बिनी (२५.६ प्रतिशत) रहेका छन्। यसले सार्वजनिक यातायात सेवाप्रति लुम्बिनीका नागरिक सबै भन्दा बढी सन्तुष्ट रहेका देखाउँछ।

मेरो वरपर (गाउँ/शहर) रहेको सडकको अवस्थाप्रति सन्तुष्ट छु भन्नेमा समग्रमा ३६.९ प्रतिशत सहमत छन् भने ५५.० प्रतिशत असहमत छन्। ८.१ प्रतिशत न सहमत न असहमत छन्। सहमत हुनेमा काठमाडौं (५०.१ प्रतिशत) सबै भन्दा बढी रहेको छ भने त्यसपछि मधेश (४०.८ प्रतिशत) र लुम्बिनी (२०.० प्रतिशत) रहेका छन्। असहमत हुनेमा लुम्बिनी (७१.२ प्रतिशत) सबै भन्दा बढी छ भने त्यसपछि मधेश (५०.८ प्रतिशत) र काठमाडौं (४३.२ प्रतिशत) रहेका छन्। यसले सडक पूर्वाधारप्रति सबै भन्दा बढी असन्तुष्टि लुम्बिनी प्रदेशमा रहेको देखाउँछ।

टेलिफोन तथा सञ्चार सेवाप्रति सन्तुष्ट छु भन्नेमा समग्रमा ९१.६ प्रतिशत सहमत छन् भने ३.९ प्रतिशत असहमत छन्। ४.४ प्रतिशत न सहमत न असहमत छन् भने ०.१ प्रतिशतले थाहा छैन/भन्न चाहन्न भन्ने जवाफ दिएका छन्। सहमत हुनेमा लुम्बिनी (९४.० प्रतिशत) सबै भन्दा बढी रहेको छ भने त्यसपछि काठमाडौं (९१.८ प्रतिशत) र मधेश (८९.१ प्रतिशत) छन्। यसले टेलिफोन तथा सञ्चार सेवाप्रति नागरिकमा अत्यन्त उच्च सन्तुष्टि रहेको देखिन्छ।

इन्टरनेट सेवाप्रति सन्तुष्ट छु भन्नेमा समग्रमा ८४.७ प्रतिशत सहमत छन् भने ७.९ प्रतिशत असहमत छन्। ६.० प्रतिशत न सहमत न असहमत छन् भने १.४ प्रतिशतले थाहा छैन/भन्न चाहन्न भन्ने जवाफ दिएका छन्। सहमत हुनेमा मधेश (८९.३ प्रतिशत) सबै भन्दा बढी रहेको छ भने त्यसपछि लुम्बिनी (८४.४ प्रतिशत) र काठमाडौं (८०.२ प्रतिशत) रहेका छन्। असहमत हुनेमा काठमाडौं (१३.३ प्रतिशत) सबै भन्दा बढी रहेको छ भने त्यसपछि लुम्बिनी (६.१ प्रतिशत) र मधेश (४.२ प्रतिशत) छ। यसले इन्टरनेट सेवाप्रति समग्रमा नागरिकको उच्च सन्तुष्टि भए पनि काठमाडौंका नागरिकको अपेक्षाचाहिँ बढी नै रहेको देखिन्छ।

तालिका १.३ : स्वास्थ्य, शिक्षा, यातायात र सञ्चारप्रतिको सन्तुष्टिका विषयमा उत्तरदाताको धारणा

स्वास्थ्य, शिक्षा, यातायात र सञ्चार		सहमत	असहमत	न सहमत न असहमत	थाहा छैन/ भन्न चाहन्न
मेरो वरपर (गाउँ/शहर) को स्वास्थ्य संस्थाको सेवा र गुणस्तरप्रति सन्तुष्ट छु ।	समग्र	४८.७	३६.५	१३.१	१.७
	मधेश	४१.५	४६.९	११.६	-
	लुम्बिनी	५३.२	२८.६	१८.२	-
	काठमाडौं	५१.६	३४.१	९.५	४.८
देशको समग्र स्वास्थ्य संस्थाको सेवा र गुणस्तरप्रति सन्तुष्ट छु ।	समग्र	३१.५	५०	१३.७	४.८
	मधेश	४४.८	३९.०	१५.६	०.६
	लुम्बिनी	३०.४	४४.४	१५.८	९.४
	काठमाडौं	१९.१	६६.८	९.९	४.२
मेरो वरपर (गाउँ/शहर) को शैक्षिक संस्थाको पढाइ र गुणस्तरप्रति सन्तुष्ट छु ।	समग्र	४७.८	३५.७	१३.९	२.६
	मधेश	३५.७	५२.९	११.४	-
	लुम्बिनी	५०	२८.८	२०.६	०.६
	काठमाडौं	५७.५	२५.५	९.७	७.३
देशको शैक्षिक संस्थाको पढाइ र गुणस्तरप्रति सन्तुष्ट छु ।	समग्र	३४	४७.५	१३.७	४.८
	मधेश	४७.८	३८.६	१३.३	०.३
	लुम्बिनी	२९.४	४४.३	१६.४	९.९
	काठमाडौं	२४.८	५९.५	११.६	४.१
मेरो वरपर (गाउँ/शहर) मा उपलब्ध सार्वजनिक यातायात सेवादेखि सन्तुष्ट छु ।	समग्र	५३.६	३६.६	९	०.८
	मधेश	४६.१	४५.७	८.२	-
	लुम्बिनी	६१.२	२५.६	१३.२	-
	काठमाडौं	५३.४	३८.५	५.७	२.४
मेरो वरपर (गाउँ/शहर) मा भएको सडकको अवस्थादेखि सन्तुष्ट छु ।	समग्र	३६.९	५५	८.१	-
	मधेश	४०.८	५०.८	८.४	-
	लुम्बिनी	२०	७१.२	८.८	-
	काठमाडौं	५०.१	४३.२	६.७	-
मेरो वरपर (गाउँ/शहर) मा उपलब्ध टेलिफोन/सञ्चार सेवाप्रति सन्तुष्ट छु ।	समग्र	९१.६	३.९	४.४	०.१
	मधेश	८९.१	४.०	६.७	०.२
	लुम्बिनी	९४	४.२	१.८	-
	काठमाडौं	९१.८	५.६	२.३	०.३
मेरो वरपर (गाउँ/शहर) मा उपलब्ध इन्टरनेट सेवाप्रति सन्तुष्ट छु ।	समग्र	८४.७	७.९	६	१.४
	मधेश	८९.३	४.२	६.५	-
	लुम्बिनी	८४.४	६.१	६.३	३.२
	काठमाडौं	८०.२	१३.३	५.३	१.२

१.४ पिउने पानी, बिजुली, फोहोर व्यवस्थापन तथा प्राकृतिक प्रकोप व्यवस्थापन

मेरो वरपर (गाउँ/शहर) पिउने पानीको उपलब्धताप्रति सन्तुष्ट छु भन्नेमा समग्रमा ४९.९ प्रतिशत सहमत छन् भने ४२.० प्रतिशत असहमत छन् । ७.९ प्रतिशत न सहमत न असहमत छन् भने ०.२ प्रतिशतले थाहा छैन/भन्न चाहन्न भन्ने जवाफ दिएका छन् । सहमत हुनेमा लुम्बिनी (५७.८ प्रतिशत) सबै भन्दा बढी रहेको छ भने त्यसपछि मधेश (४६.४ प्रतिशत) र काठमाडौं (४५.५ प्रतिशत) छन् । असहमत हुनेमा मधेश (४५.९ प्रतिशत) सबै भन्दा बढी रहेको छ भने त्यसपछि काठमाडौं (४४.६ प्रतिशत) र लुम्बिनी (३५.५ प्रतिशत) रहेका छन् ।

मेरो वरपर (गाउँ/शहर) को बिजुली बत्तीको सुविधा/आपूर्तिप्रति सन्तुष्ट छु भन्नेमा समग्रमा ७३.२ प्रतिशत सहमत छन् भने १७.४ प्रतिशत असहमत छन् । ९.४ प्रतिशत न सहमत न असहमत छन् । सहमत हुनेमा मधेश (७७.१ प्रतिशत) सबै भन्दा बढी रहेको छ भने त्यसपछि काठमाडौं (७२.० प्रतिशत) र लुम्बिनी (७०.६ प्रतिशत) रहेका छन् । यसले विद्युत् सेवाप्रति नागरिकमा उच्च सन्तुष्टि रहेको देखाउँछ ।

मेरो वरपर (गाउँ/शहर) मा भइरहेको फोहोर व्यवस्थापनप्रति सन्तुष्ट छु भन्नेमा समग्रमा ५२.६ प्रतिशत सहमत छन् भने ४०.३ प्रतिशत असहमत छन् । ७.० प्रतिशत न सहमत न असहमत छन् भने ०.१ प्रतिशतले थाहा छैन/भन्न चाहन्न भन्ने जवाफ दिएका छन् । सहमत हुनेमा काठमाडौं (७८.६ प्रतिशत) सबै भन्दा बढी रहेको छ भने त्यसपछि लुम्बिनी (५५.५ प्रतिशत) र मधेश (२३.८ प्रतिशत) रहेका छन् । असहमत हुनेमा मधेश (६९.० प्रतिशत) सबै भन्दा बढी रहेको छ भने त्यसपछि लुम्बिनी (३६.६ प्रतिशत) र काठमाडौं (१५.३ प्रतिशत) रहेका छन् । फोहोर व्यवस्थापनलाई लिएर प्रदेशगतरूपमा वा ठाउँविशेषका हिसावले ठूलो भिन्नता देखिएको छ ।

मेरो वरपर (गाउँ/शहर) मा बाढी, पहिरोलगायतका प्राकृतिक प्रकोपपछिको उद्धार, राहत एवं व्यवस्थापनका लागि भएको सरकारी समन्वयप्रति सन्तुष्ट छु भन्नेमा समग्रमा २२.७ प्रतिशत सहमत छन् भने ४३.३ प्रतिशत असहमत छन् । १३.१ प्रतिशत न सहमत न असहमत छन् भने २०.९ प्रतिशतले थाहा छैन/भन्न चाहन्न भन्ने जवाफ दिएका छन् । सहमत हुनेमा काठमाडौं (३०.१ प्रतिशत) सबै भन्दा बढी रहेको छ भने त्यसपछि लुम्बिनी (२२.७ प्रतिशत) र मधेश (१५.६ प्रतिशत) रहेका छन् । असहमत हुनेमा मधेश (६०.६ प्रतिशत) सबै भन्दा बढी रहेको छ भने त्यसपछि काठमाडौं (३६.९ प्रतिशत) र लुम्बिनी (३२.६ प्रतिशत) छन् । साथै लुम्बिनी (३५.७ प्रतिशत) र काठमाडौं (२५.६ प्रतिशत) मा थाहा छैन/भन्न चाहन्न भन्ने प्रतिशत उल्लेखनीयरूपमा उच्च रहेको देखिन्छ जसले प्राकृतिक प्रकोप व्यवस्थापनसम्बन्धी सरकारी समन्वयबारे नागरिकमा पर्याप्त जानकारी वा प्रत्यक्ष अनुभवको कमी रहेको देखिन्छ ।

तालिका १.४ : पिउने पानी, बिजुली, फोहोर व्यवस्थापन, प्राकृतिक व्यवस्थापनप्रति उत्तरदाताको धारणा

पिउने पानी, बिजुली, फोहोर व्यवस्थापन तथा प्राकृतिक प्रकोप व्यवस्थापन		सहमत	असहमत	न सहमत न असहमत	थाहा छैन/ भन्न चाहन्न
मेरो वरपर (गाउँ/शहर) को पिउने पानीको उपलब्धताप्रति सन्तुष्ट छु ।	समग्र	४९.९	४२	७.९	०.२
	मधेश	४६.४	४५.९	७.७	-
	लुम्बिनी	५७.८	३५.५	६.१	०.६
	काठमाडौं	४५.५	४४.६	९.७	०.२
मेरो वरपर (गाउँ/शहर) को बिजुली बत्तिको सुविधा/आपूर्तिप्रति सन्तुष्ट छु ।	समग्र	७३.२	१७.४	९.४	-
	मधेश	७७.१	१६.०	६.९	-
	लुम्बिनी	७०.६	१५.३	१४.१	-
	काठमाडौं	७२	२०.८	७.२	-
मेरो वरपर (गाउँ/शहर) मा भइरहेको फोहोर व्यवस्थापनप्रति सन्तुष्ट छु ।	समग्र	५२.६	४०.३	७.०	०.१
	मधेश	२३.८	६९.०	७.२	-
	लुम्बिनी	५५.५	३६.६	७.८	०.१
	काठमाडौं	७८.६	१५.३	६.१	-
मेरो वरपर (गाउँ/शहर) मा बाढी पहिरोलगायतका प्राकृतिक प्रकोपपछिको उद्धार, राहत एवं व्यवस्थापनका लागि भएको सरकारी समन्वयप्रति सन्तुष्ट छु ।	समग्र	२२.७	४३.३	१३.१	२०.९
	मधेश	१५.६	६०.६	२२.९	०.९
	लुम्बिनी	२२.७	३२.६	९.०	३५.७
	काठमाडौं	३०.१	३६.९	७.४	२५.६

सहभागिता र अपनत्व

२.१ सामुदायिक छलफलमा सहभागिता

समुदायमा हुने अनौपचारिक छलफल/भेलामा सहभागी हुने गरेको छु भन्नेमा समग्रमा ५८.७ प्रतिशत सहमत छन् भने ३४.० प्रतिशत असहमत छन्। ६.९ प्रतिशत न सहमत न असहमत छन् भने ०.४ प्रतिशतले थाहा छैन/भन्न चाहन्न भन्ने जवाफ दिएका छन्। सहमत हुनेमा काठमाडौं (६९.५ प्रतिशत) सबै भन्दा बढी रहेको छ भने त्यसपछि लुम्बिनी (६५.९ प्रतिशत) र मधेश (४०.७ प्रतिशत) रहेका छन्। असहमत हुनेमा मधेश (५३.० प्रतिशत) सबै भन्दा बढी रहेको छ भने त्यसपछि काठमाडौं (२७.३ प्रतिशत) र लुम्बिनी (२१.७ प्रतिशत) रहेका छन्।

वडा तहमा योजना छनोटका लागि हुने भेलामा सक्रिय सहभागी हुने गरेको छु भन्नेमा समग्रमा २३.९ प्रतिशत सहमत छन् भने ६७.१ प्रतिशत असहमत छन्। ६.५ प्रतिशत न सहमत न असहमत र २.५ प्रतिशतले थाहा छैन/भन्न चाहन्न भन्ने जवाफ दिएका छन्। सहमत हुनेमा काठमाडौं (३१.५ प्रतिशत) सबै भन्दा बढी छन् भने त्यसपछि लुम्बिनी (२७.३ प्रतिशत) र मधेश (१२.८ प्रतिशत) रहेका छन्। असहमत हुनेमा मधेश (८३.७ प्रतिशत) सबैभ न्दा बढी रहेको छ भने त्यसपछि काठमाडौं (६३.५ प्रतिशत) र लुम्बिनी (५४.० प्रतिशत) रहेका छन्।

२.२ धार्मिक तथा सांस्कृतिक स्वतन्त्रता

आफ्नो धार्मिक/सांस्कृतिक आस्थाका बारेमा कार्यक्रम गर्दा समाजमा कुनै अवरोध छैन भन्नेमा समग्रमा ८८.९ प्रतिशत सहमत छन् भने ६.२ प्रतिशत असहमत छन्। ४.५ प्रतिशत न सहमत न असहमत र ०.४ प्रतिशतले थाहा छैन/भन्न चाहन्न भन्ने जवाफ दिएका छन्। सहमत हुनेमा काठमाडौं (९४.९ प्रतिशत) सबै भन्दा बढी रहेको छ भने त्यसपछि लुम्बिनी (९१.८ प्रतिशत) र मधेश (८०.२ प्रतिशत) रहेका छन्।

सांस्कृतिक विविधतालाई प्रवर्द्धन र सम्मान गर्न जनप्रतिनिधि र सरकारको भूमिका सकारात्मक छ भन्नेमा समग्रमा ६५.९ प्रतिशत सहमत छन् भने १८.५ प्रतिशत असहमत छन्। १०.८ प्रतिशत न सहमत न असहमत र ४.८ प्रतिशतले थाहा छैन/भन्न चाहन्न भन्ने जवाफ दिए। सहमत हुनेमा काठमाडौं (७५.१ प्रतिशत) का सबै भन्दा बढी र त्यसपछि लुम्बिनी (६६.६ प्रतिशत) र मधेश (५६.० प्रतिशत) रहेका छन्। असहमत हुनेमा मधेश (२५.७ प्रतिशत) सबै भन्दा बढी रहेको छ भने त्यसपछि लुम्बिनी (१५.४ प्रतिशत) र काठमाडौं (१४.६ प्रतिशत) रहेको छन्।

२.३ जातीय/क्षेत्रीय पहिचानप्रति अपनत्व

म आफ्नो जातीय/क्षेत्रीय पहिचानप्रति गर्व गर्छु भन्नेमा समग्रमा ९७.४ प्रतिशत सहमत छन् भने १.४ प्रतिशत असहमत छन्। सहमत हुनेमा लुम्बिनी (९८.४ प्रतिशत) सबै भन्दा बढी रहेको छ भने त्यसपछि मधेश (९७.९ प्रतिशत) र काठमाडौं (९६.० प्रतिशत) रहेका छन्। यसबाट नागरिकमा जातीय/क्षेत्रीय पहिचानप्रतिको अपनत्व अत्यन्त उच्च रहेको देखिन्छ।

त्यस्तै, आफ्नो जातीय/क्षेत्रीय पहिचान भन्दा नेपाली पहिचानलाई बढी महत्त्व दिन्छु भन्नेमा समग्रमा ९६.८ प्रतिशत सहमत छन् भने १.५ प्रतिशत असहमत छन्। सहमत हुनेमा सबै भन्दा बढी लुम्बिनी (९७.३ प्रतिशत) मा रहेको छ भने त्यसपछि काठमाडौं (९६.८ प्रतिशत) र मधेश (९६.४ प्रतिशत) रहेका छन्।

तालिका २ : सामुदायिक सहभागिता, धार्मिक एवं सांस्कृतिक स्वतन्त्रता र जातीय/क्षेत्रीय पहिचानप्रति उत्तरदाताको धारणा

		सहमत	असहमत	न सहमत न असहमत	थाहा छैन/ भन्न चाहन्न
सामुदायिक छलफलमा सहभागिता					
समुदायमा हुने अनौपचारिक छलफल/भेलामा सहभागी हुने गरेको छु ।	समग्र	५८.७	३४	६.९	०.४
	मधेश	४०.७	५३	६.३	-
	लुम्बिनी	६५.९	२१.७	१२.२	०.२
	काठमाडौं	६९.५	२७.३	२.३	०.९
वडा तहमा योजना छनोटका लागि हुने भेलामा सक्रिय सहभागी हुने गरेको छु ।	समग्र	२३.९	६७.१	६.५	२.५
	मधेश	१२.८	८३.७	३.५	-
	लुम्बिनी	२७.३	५४	१३	५.७
	काठमाडौं	३१.५	२.९	६३.५	२.१
धार्मिक तथा सांस्कृतिक स्वतन्त्रता					
आफ्नो धार्मिक/सांस्कृतिक आस्थाका बारेमा कार्यक्रम गर्दा समाजमा कुनै अवरोध छैन ।	समग्र	८८.९	६.२	४.५	०.४
	मधेश	८०.२	११.४	८.२	०.२
	लुम्बिनी	९१.८	६.७	१.५	-
	काठमाडौं	९४.९	३.८	०.६	०.७
सांस्कृतिक विविधतालाई प्रवर्द्धन र सम्मान गर्न जनप्रतिनिधि र सरकारको भूमिका सकारात्मक छ ।	समग्र	६५.९	१८.५	१०.८	४.८
	मधेश	५६	२५.७	१७.३	१
	लुम्बिनी	६६.६	१५.४	१०.३	७.७
	काठमाडौं	७५.१	१४.६	४.८	५.५
जातीय/क्षेत्रीय पहिचानप्रति अपनत्व					
म आफ्नो जातीय/क्षेत्रीय पहिचानप्रति गर्व गर्छु ।	समग्र	९७.४	१.४	०.९	०.३
	मधेश	९७.९	०.६	१.५	-
	लुम्बिनी	९८.४	१.५	०.१	-
	काठमाडौं	९६	२.३	१.१	०.६
म आफ्नो जातीय/क्षेत्रीय पहिचान भन्दा नेपाली पहिचानलाई ज्यादा महत्त्व दिन्छु ।	समग्र	९६.८	१.५	१.५	०.२
	मधेश	९६.४	१.३	२.३	-
	लुम्बिनी	९७.३	१.९	०.८	-
	काठमाडौं	९६.८	१.३	१.५	०.४

सार्वजनिक संस्था र सन्तुष्टि

नागरिक सबै भन्दा बढी सन्तुष्ट रहेका ५ सार्वजनिक संस्थामा क्रमशः नेपाल टेलिकम (८३ प्रतिशत), इन्टरनेट प्रदायक कम्पनी (८०.९ प्रतिशत), बैङ्क तथा वित्तीय संस्था (७४.१ प्रतिशत), नेपाली सेना (६८.२ प्रतिशत) र नेपाल विद्युत् प्राधिकरण (६३.९ प्रतिशत) छन्। नागरिक कम सन्तुष्ट रहेका ५ स्थानमा रहेका सार्वजनिक संस्थामा क्रमशः राजनीतिक दल (८.४ प्रतिशत), संसद् (११.८ प्रतिशत), प्रदेश सभा (१२.४ प्रतिशत), प्रादेशिक सरकार (१२.४ प्रतिशत), केन्द्रीय सरकार (१२.८ प्रतिशत) र अख्तियार दुरुपयोग अनुसन्धान आयोग (१४.७ प्रतिशत) छन्। यसरी केन्द्रीय सरकार र प्रादेशिक सरकार दुवैप्रति नागरिक ज्यादै असन्तुष्ट देखिए पनि स्थानीय सरकारप्रति भने सन्तुष्टि (४४.९ प्रतिशत) को मात्रा मध्यम देखिएको छ (विस्तृत विवरणका लागि चित्र/तालिका हेर्नुहोला)।

सार्वजनिक संस्थामध्ये नेपाल टेलिकमप्रति नागरिकको सन्तुष्टि सबै भन्दा उच्च पाइएको छ। नेपाल टेलिकमप्रति समग्रमा ८३.० प्रतिशत सन्तुष्ट छन् भने ६.७ प्रतिशत असन्तुष्ट छन्। सन्तुष्ट हुनेमा सबै भन्दा बढी लुम्बिनी (९१.१ प्रतिशत) छन् भने त्यसपछि काठमाडौं (८४.२ प्रतिशत) र मधेश (७३.५ प्रतिशत) छन्।

इन्टरनेट प्रदायक कम्पनीप्रति समग्रमा ८०.९ प्रतिशत सन्तुष्ट छन् भने ८.७ प्रतिशत असन्तुष्ट छन्। सन्तुष्ट हुनेमा लुम्बिनी (८४.७ प्रतिशत) मा सबै भन्दा बढी रहेको छ भने त्यसपछि मधेश (८४.० प्रतिशत) र काठमाडौं (७४.१ प्रतिशत) रहेका छन्।

बैङ्क तथा वित्तीय संस्थाप्रति समग्रमा ७४.१ प्रतिशत सन्तुष्ट र १३.६ प्रतिशत असन्तुष्ट छन्। सन्तुष्ट हुनेमा मधेश (८८.२ प्रतिशत) मा सबै भन्दा बढी रहेको छ भने त्यसपछि काठमाडौं (६९.५ प्रतिशत) र लुम्बिनी (६४.५ प्रतिशत) रहेका छन्। असन्तुष्ट हुनेमा लुम्बिनी (१८.५ प्रतिशत) मा सबै भन्दा बढी छ।

नेपाली सेनाप्रति समग्रमा ६८.२ प्रतिशत सन्तुष्ट र ७.६ प्रतिशत असन्तुष्ट छन्। सन्तुष्ट हुनेमा सबै भन्दा बढी मधेश (७९.२ प्रतिशत) मा रहेको छ भने त्यसपछि लुम्बिनी (६५.१ प्रतिशत) र काठमाडौं (६०.२ प्रतिशत) छन्।

विद्युत् प्राधिकरणप्रति समग्रमा ६३.९ प्रतिशत सन्तुष्ट छन् भने २२.७ प्रतिशत असन्तुष्ट छन्। सन्तुष्ट हुनेमा सबै भन्दा बढी मधेश (६६.१ प्रतिशत) मा रहेको छ भने त्यसपछि लुम्बिनी (६३.८ प्रतिशत) र काठमाडौं (६१.७ प्रतिशत) रहेका छन्। असन्तुष्ट हुनेमा सबै भन्दा बढी काठमाडौं (२४.२ प्रतिशत) मा रहेको छ भने त्यसपछि लुम्बिनी (२२.५ प्रतिशत) र मधेश (२१.२ प्रतिशत) छन्।

जिल्ला प्रशासन कार्यालयप्रति समग्रमा ५४.२ प्रतिशत सन्तुष्ट र २५.७ प्रतिशत असन्तुष्ट छन्। सन्तुष्ट हुनेमा लुम्बिनी (७४.८ प्रतिशत) सबै भन्दा बढी रहेको छ भने त्यसपछि काठमाडौं (५५.२ प्रतिशत) र मधेश (३२.६ प्रतिशत) छन्। असन्तुष्ट हुनेमा सबै भन्दा बढी मधेश (४६.१ प्रतिशत) छ।

जातीय/क्षेत्रीय संस्थाप्रति समग्रमा ५३.० प्रतिशत सन्तुष्ट र २०.६ प्रतिशत असन्तुष्ट छन्। सन्तुष्ट हुनेमा सबै भन्दा बढी मधेश (५६.९ प्रतिशत) छ भने त्यसपछि लुम्बिनी (५४.६ प्रतिशत) र काठमाडौं (४७.६ प्रतिशत) छन्।

निर्वाचन आयोगप्रति समग्रमा ५२.१ प्रतिशत सन्तुष्ट र २२.८ प्रतिशत असन्तुष्ट छन्। सन्तुष्ट हुनेमा सबै भन्दा बढी लुम्बिनी (५२.९ प्रतिशत) छ भने त्यसपछि मधेश (५३.५ प्रतिशत) र काठमाडौं (४९.७ प्रतिशत) छन्।

नेपाल प्रहरीप्रति समग्रमा ५०.३ प्रतिशत सन्तुष्ट र २६.६ प्रतिशत असन्तुष्ट छन्। सन्तुष्ट हुनेमा सबै भन्दा बढी लुम्बिनी (५२.६ प्रतिशत) छ भने त्यसपछि मधेश (५१.८ प्रतिशत) र काठमाडौं (४६.८ प्रतिशत) छन्।

राहदानी विभागप्रति समग्रमा ५०.३ प्रतिशत सन्तुष्ट र १६.४ प्रतिशत असन्तुष्ट छन्। सन्तुष्ट हुनेमा सबै भन्दा बढी मधेश (६२.२ प्रतिशत) छ भने त्यसपछि लुम्बिनी (४७.३ प्रतिशत) र काठमाडौं (४१.४ प्रतिशत) छन्।

मिडियाप्रति समग्रमा ४८.४ प्रतिशत सन्तुष्ट र २८.७ प्रतिशत असन्तुष्ट छन्। सन्तुष्ट हुनेमा सबै भन्दा बढी लुम्बिनी (५६.१ प्रतिशत) छ भने त्यसपछि मधेश (५२.६ प्रतिशत) र काठमाडौं (३६.५ प्रतिशत) छन्। काठमाडौंमा असन्तुष्ट हुनेको हिस्सा ३६.६ प्रतिशत छ भने न सहमत न असहमत भन्नेको प्रतिशत २४.६ छ।

खानेपानी संस्थानप्रति समग्रमा ४८.१ प्रतिशत सन्तुष्ट र ४०.७ प्रतिशत असन्तुष्ट छन्। सन्तुष्ट हुनेमा लुम्बिनी (५६.१ प्रतिशत) सबै भन्दा बढी छ भने त्यसपछि काठमाडौं (४९.० प्रतिशत) र मधेश (३९.१ प्रतिशत) छन्। मधेसमा सन्तुष्टको तुलनामा असन्तुष्ट धेरै छन्। असन्तुष्ट हुनेमा मधेश (४९.७ प्रतिशत) मा सबै भन्दा बढी छ।

नागरिक समाज/गैसस/मानव अधिकारवादी संस्थाप्रति समग्रमा ४५.० प्रतिशत सन्तुष्ट र २१.६ प्रतिशत असन्तुष्ट छन्। सन्तुष्ट हुनेमा लुम्बिनी (५५.२ प्रतिशत) सबै भन्दा बढी छ भने त्यसपछि मधेश (४६.६ प्रतिशत) र काठमाडौं (३३.० प्रतिशत) छन्।

स्थानीय सरकारप्रति समग्रमा ४४.९ प्रतिशत सन्तुष्ट र ३६.७ प्रतिशत असन्तुष्ट छन्। सन्तुष्ट हुनेमा काठमाडौं (४६.२ प्रतिशत) सबै भन्दा बढी छ भने त्यसपछि लुम्बिनी (४४.७ प्रतिशत) र मधेश (२९.५ प्रतिशत) छन्। असन्तुष्ट हुनेमा मधेश (५७.१ प्रतिशत) सबै भन्दा बढी छ।

सहकारी संस्थाप्रति समग्रमा ४३.३ प्रतिशत सन्तुष्ट र ३७.१ प्रतिशत असन्तुष्ट छन्। सन्तुष्ट हुनेमा मधेश (५३.३ प्रतिशत) सबै भन्दा बढी छ भने त्यसपछि लुम्बिनी (५२.५ प्रतिशत) र काठमाडौं (२४.२ प्रतिशत) छन्। काठमाडौंमा असन्तुष्ट हुनेको हिस्सा ५९.८ प्रतिशत छ।

सरकारी कर्मचारीप्रति समग्रमा ३२.१ प्रतिशत सन्तुष्ट र ४१.५ प्रतिशत असन्तुष्ट छन्। सन्तुष्ट हुनेमा लुम्बिनी (४६.२ प्रतिशत) सबै भन्दा बढी छ भने त्यसपछि काठमाडौं (२८.८ प्रतिशत) र मधेश (२१.३ प्रतिशत) छन्। असन्तुष्ट हुनेमा मधेश (५६.४ प्रतिशत) सबै भन्दा बढी छ।

यातायात कार्यालयप्रति समग्रमा ३१.४ प्रतिशत सन्तुष्ट र ४३.१ प्रतिशत असन्तुष्ट छन्। सन्तुष्ट हुनेमा लुम्बिनी (३९.१ प्रतिशत) सबै भन्दा बढी छ भने त्यसपछि काठमाडौं (२९.१ प्रतिशत) र मधेश (२५.९ प्रतिशत) छन्। असन्तुष्ट हुनेमा मधेश (५५.४ प्रतिशत) सबै भन्दा बढी छ।

अदालतप्रति समग्रमा २६.६ प्रतिशत सन्तुष्ट र ३६.३ प्रतिशत असन्तुष्ट छन्। सन्तुष्ट हुनेमा लुम्बिनी (३७.६ प्रतिशत) सबै भन्दा बढी छ भने त्यसपछि मधेश (२४.२ प्रतिशत) र काठमाडौं (१७.७ प्रतिशत) छन्। असन्तुष्ट हुनेमा काठमाडौं (४३.८ प्रतिशत) सबै भन्दा बढी छ।

भूमि सुधार तथा मालपोत कार्यालयप्रति समग्रमा २५.८ प्रतिशत सन्तुष्ट र ५१.१ प्रतिशत असन्तुष्ट छन्। असन्तुष्ट हुनेमा मधेश (६४.० प्रतिशत) सबै भन्दा बढी छ भने त्यसपछि काठमाडौं (५०.३ प्रतिशत) र लुम्बिनी (३८.८ प्रतिशत) छन्।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगप्रति समग्रमा १४.७ प्रतिशत सन्तुष्ट र ५२.१ प्रतिशत असन्तुष्ट छन्। असन्तुष्ट हुनेमा मधेश (६४.९ प्रतिशत) सबै भन्दा बढी छ भने त्यसपछि काठमाडौं (४९.१ प्रतिशत) र लुम्बिनी (४२.४ प्रतिशत) छन्।

केन्द्रीय सरकारप्रति समग्रमा १२.८ प्रतिशत सन्तुष्ट र ६४.२ प्रतिशत असन्तुष्ट छन्। असन्तुष्ट हुनेमा मधेश (७९.० प्रतिशत) सबै भन्दा बढी छ भने त्यसपछि काठमाडौं (६०.२ प्रतिशत) र लुम्बिनी (५३.६ प्रतिशत) छन्।

प्रादेशिक सरकारप्रति समग्रमा १२.४ प्रतिशत सन्तुष्ट र ६१.१ प्रतिशत असन्तुष्ट छन्। असन्तुष्ट हुनेमा मधेश (७६.० प्रतिशत) सबै भन्दा बढी छ भने त्यसपछि काठमाडौं (५९.१ प्रतिशत) र लुम्बिनी (४८.१ प्रतिशत) छन्।

प्रदेश सभाप्रति समग्रमा १२.४ प्रतिशत सन्तुष्ट र ५६.५ प्रतिशत असन्तुष्ट छन्। असन्तुष्ट हुनेमा मधेश (७३.० प्रतिशत) सबै भन्दा बढी छ भने त्यसपछि काठमाडौं (५२.२ प्रतिशत) र लुम्बिनी (४४.४ प्रतिशत) छन्।

संसद्प्रति समग्रमा ११.८ प्रतिशत सन्तुष्ट र ५७.५ प्रतिशत असन्तुष्ट छन्। असन्तुष्ट हुनेमा मधेश (७४.३ प्रतिशत) सबै भन्दा बढी छ भने त्यसपछि काठमाडौं (५३.५ प्रतिशत) र लुम्बिनी (४४.९ प्रतिशत) छन्।

राजनीतिक दलप्रति नागरिक सन्तुष्टि सबै भन्दा न्यून देखिएको छ। समग्रमा केवल ८.४ प्रतिशत सन्तुष्ट छन् भने ७६.४ प्रतिशत असन्तुष्ट छन्। असन्तुष्ट हुनेमा काठमाडौं (७९.८ प्रतिशत) सबै भन्दा बढी छ भने त्यसपछि मधेश (७९.४ प्रतिशत) र लुम्बिनी (७०.० प्रतिशत) छन्।

तालिका ३ : सार्वजनिक संस्थाप्रति नागरिक सन्तुष्टि/असन्तुष्टिको अवस्था

सार्वजनिक संस्था		सन्तुष्ट	असन्तुष्ट	न सन्तुष्ट न असन्तुष्ट	थाहा छैन/ भन्न चाहन्न
नेपाल टेलिकम	समग्र	८३	६.७	९.८	०.५
	मधेस	७३.५	९.७	१६.६	०.२
	लुम्बिनी	९१.१	२.३	६.३	०.३
	काठमाडौं	८४.२	६.५	८.२	१.१
इन्टरनेट प्रदायक कम्पनी	समग्र	८०.९	८.७	८.९	१.५
	मधेस	८४	६.७	९.१	०.२
	लुम्बिनी	८४.७	५.२	७.८	२.३
	काठमाडौं	७४.१	९.३	१४.८	१.८
बैङ्क तथा वित्तीय संस्था	समग्र	७४.१	१३.४	११	१.५
	मधेस	८८.२	६.९	४.४	०.५
	लुम्बिनी	६४.५	१८.५	१५.८	१.२
	काठमाडौं	६९.५	१५	१२.८	२.७
नेपाली सेना	समग्र	६८.२	७.६	१४.७	९.५
	मधेस	७९.२	७.४	१३.३	०.१
	लुम्बिनी	६५.१	५.४	१४.७	१४.८
	काठमाडौं	६०.२	१०.२	१६.२	१३.४
विद्युत् प्राधिकरण	समग्र	६३.९	२२.७	१२.९	०.५
	मधेस	६६.१	२१.२	१२.४	०.३
	लुम्बिनी	६३.८	२२.५	१३	०.७
	काठमाडौं	६१.७	२४.२	१३.३	०.८
जिल्ला प्रशासन कार्यालय	समग्र	५४.२	२५.७	१५.९	४.२
	मधेस	३२.६	४६.१	२१.३	-
	लुम्बिनी	७४.८	९.५	१२	३.७
	काठमाडौं	५५.२	२१.४	१४.५	८.९
जातीय/क्षेत्रीय संस्था	समग्र	५३	२०.६	१८.१	८.३
	मधेस	५६.९	१५.८	२६.१	१.२
	लुम्बिनी	५४.६	१७.६	१३.४	१४.४
	काठमाडौं	४७.६	२८.२	१४.७	९.५
निर्वाचन आयोग	समग्र	५२.१	२२.८	१६.६	८.५
	मधेस	५३.५	२६.५	१९.४	०.६
	लुम्बिनी	५२.९	१६.४	१४.५	१६.२
	काठमाडौं	४९.७	२५.३	१६	९.०
नेपाल प्रहरी	समग्र	५०.३	२६.६	१९.९	३.२
	मधेस	५१.८	२७.८	२०.२	०.२
	लुम्बिनी	५२.६	२२.१	२१	४.३
	काठमाडौं	४६.८	१८.५	३०.१	४.६

राहदानी विभाग	समग्र	५०.३	१६.४	१५.८	१७.५
	मधेस	६२.२	१२.४	२२.९	२.५
	लुम्बिनी	४७.३	१२.६	१३.९	२६.२
	काठमाडौं	४१.४	२४.२	१०.७	२३.७
मिडिया	समग्र	४८.४	२८.७	२१.२	१.७
	मधेस	५२.६	१८.५	२८	०.९
	लुम्बिनी	५६.१	२१.४	२०.४	२.१
	काठमाडौं	३६.५	३६.६	२४.६	२.३
खानेपानी	समग्र	४८.१	४०.७	१०	१.२
	मधेस	३९.१	४९.७	१०.९	०.३
	लुम्बिनी	५६.१	३३.७	६.५	३.७
	काठमाडौं	४९	१२.६	३८.४	-
नागरिक समाज/ गैसस/ मानव अधिकारवादी संस्था	समग्र	४५	२१.६	२२.६	१०.८
	मधेस	४६.६	२५.१	२६.३	२.१
	लुम्बिनी	५५.२	११.०	१८.७	१५.१
	काठमाडौं	३३	२८.९	२२.७	१५.४
स्थानीय सरकार	समग्र	४४.९	३६.७	१७.३	१.१
	मधेस	२९.५	५७.१	१३.१	०.३
	लुम्बिनी	४४.७	३१.५	२२.९	०.९
	काठमाडौं	४६.२	२३.४	३०.४	-
सहकारी	समग्र	४३.३	३७.१	१६.२	३.४
	मधेस	५३.३	२३.८	२१.९	१.०
	लुम्बिनी	५२.५	२७.५	१६.०	४.०
	काठमाडौं	२४.२	५९.८	१०.७	५.३
सरकारी कर्मचारी	समग्र	३२.१	४१.५	२५.४	१.०
	मधेस	२१.३	५६.४	२१.९	०.४
	लुम्बिनी	४६.२	२३.४	३०.४	-
	काठमाडौं	२८.८	४४.९	२३.८	२.५
यातायात कार्यालय	समग्र	३१.४	४३.१	१६.६	८.९
	मधेस	२५.९	५५.४	१८.१	०.६
	लुम्बिनी	३९.१	२९.२	१८.९	१२.८
	काठमाडौं	२९.१	४४.९	१२.८	१३.२
अदालत	समग्र	२६.६	३६.३	२१	१६.१
	मधेस	२४.२	४२.३	३०.९	२.६
	लुम्बिनी	३७.६	२२.९	१६.२	२३.३
	काठमाडौं	१७.७	४३.८	१६	२२.५
भूमि सुधार तथा मालपोत कार्यालय	समग्र	२५.८	५१.१	१५.१	८
	मधेस	१७.५	६४	१७.९	०.६
	लुम्बिनी	३५.७	३८.८	१४.७	१०.८
	काठमाडौं	२४.२	५०.३	१२.८	१२.७

अख्तियार दुरूपयोग अनुसन्धान आयोग	समग्र	१४.७	५२.१	१६.६	१६.६
	मधेस	१८.४	६४.९	१५.४	१.३
	लुम्बिनी	११.८	४२.४	१८.९	२६.९
	काठमाडौं	१४.१	४९.१	१५.६	२१.२
केन्द्रीय सरकार	समग्र	१२.८	६४.२	१५.८	७.२
	मधेस	१२.६	७९	७.२	१.२
	लुम्बिनी	१५.५	५३.६	२१.४	९.५
	काठमाडौं	१०.१	६०.२	१८.७	११.०
प्रादेशिक सरकार	समग्र	१२.४	६१.१	१३.७	१२.८
	मधेस	१२.८	७६.०	१०.३	०.९
	लुम्बिनी	१६.२	४८.१	१५.८	२०.२
	काठमाडौं	८.२	५९.१	१५.२	१७.५
प्रदेश सभा	समग्र	१२.४	५६.५	१२.१	१९.०
	मधेस	१३.७	७३.०	१२.०	१.३
	लुम्बिनी	१४.१	४४.४	१२.५	२९.०
	काठमाडौं	९.३	५२.२	११.६	२६.९
संसद्	समग्र	११.८	५७.५	१३.०	१७.७
	मधेस	११.१	७४.३	१२	२.६
	लुम्बिनी	१२.४	४४.९	१४.३	२८.४
	काठमाडौं	१२.०	५३.५	१२.६	२१.९
राजनीतिक दल	समग्र	८.४	७६.४	१२.८	२.४
	मधेस	५.३	७९.४	१४.३	१
	लुम्बिनी	१२.४	७०	१३.४	४.२
	काठमाडौं	७.४	७९.८	१०.५	२.३

सरकारको कार्यसम्पादन

सङ्घीय सरकारको कार्यसम्पादनप्रति समग्रमा ११.७ प्रतिशतले प्रभावकारी रहेको बताएका छन् भने ६०.९ प्रतिशतले प्रभावकारी नरहेको बताएका छन्। १९.७ प्रतिशतले न प्रभावकारी न अप्रभावकारी रहेको बताएका छन् भने ७.७ प्रतिशतले थाहा छैन/भन्न चाहन्न भन्ने जवाफ दिए। प्रभावकारी मान्नेमा लुम्बिनी (१२.२ प्रतिशत) सबै भन्दा बढी छ भने त्यसपछि मधेश (११.८ प्रतिशत) र काठमाडौं (११.१ प्रतिशत) छन्। अप्रभावकारी मान्नेमा मधेश (७९.४ प्रतिशत) सबै भन्दा बढी छ भने त्यसपछि काठमाडौं (५२.९ प्रतिशत) र लुम्बिनी (५०.६ प्रतिशत) छन्।

प्रदेश सरकारको कार्यसम्पादनप्रति पनि नागरिकको धारणा सकारात्मक भन्दा नकारात्मक नै देखिएको छ। समग्रमा ११.४ प्रतिशतले प्रदेश सरकारको कार्यसम्पादन प्रभावकारी रहेको बताएका छन् भने ५९.१ प्रतिशतले प्रभावकारी नरहेको बताएका छन्। १७.६ प्रतिशतले न प्रभावकारी न अप्रभावकारी रहेको बताएका छन् भने ११.९ प्रतिशतले थाहा छैन/भन्न चाहन्न भन्ने जवाफ दिए। प्रभावकारी मान्नेमा लुम्बिनी (११.८ प्रतिशत) सबै भन्दा बढी छ भने मधेश (११.७ प्रतिशत) र काठमाडौं (१०.५ प्रतिशत) रहेका छन्। अप्रभावकारी मान्नेमा मधेश (७७.१ प्रतिशत) सबै भन्दा बढी रहेको छ भने त्यसपछि काठमाडौं (५२.० प्रतिशत) र लुम्बिनी (४८.३ प्रतिशत) छन्।

स्थानीय सरकारको कार्यसम्पादनप्रति भने नागरिकको धारणा सङ्घीय र प्रदेश सरकारको तुलनामा निकै सकारात्मक देखिएको छ। समग्रमा ४५.६ प्रतिशतले स्थानीय सरकारको कार्यसम्पादन प्रभावकारी रहेको बताएका छन् भने ३१.८ प्रतिशतले प्रभावकारी नरहेको बताएका छन्। २१.५ प्रतिशतले न प्रभावकारी न अप्रभावकारी बताएका छन् भने १.१ प्रतिशतले थाहा छैन/भन्न चाहन्न भन्ने जवाफ दिए। प्रभावकारी मान्नेमा काठमाडौं (६२.८ प्रतिशत) सबै भन्दा बढी छ भने त्यसपछि लुम्बिनी (४१.६ प्रतिशत) र मधेश (३२.३ प्रतिशत) छन्। अप्रभावकारी मान्नेमा मधेश (५५.२ प्रतिशत) सबै भन्दा बढी छ भने त्यसपछि लुम्बिनी (२२.९ प्रतिशत) र काठमाडौं (१७.५ प्रतिशत) छन्।

तालिका ४ : सङ्घीय, प्रदेश, स्थानीय सरकार र समग्र सङ्घीय संरचनाको कार्यसम्पादनप्रति उत्तरदाताको धारणा

कार्यसम्पादन		प्रभावकारी	अप्रभावकारी	न प्रभावकारी न अप्रभावकारी	थाहा छैन/ भन्न चाहन्न
सङ्घीय सरकार	समग्र	११.७	६०.९	१९.७	७.७
	मधेस	११.८	७९.४	७.६	१.२
	लुम्बिनी	१२.२	५०.६	२७.३	९.९
	काठमाडौं	११.१	५२.९	२४.२	११.८
प्रदेश सरकार	समग्र	११.४	५९.१	१७.६	११.९
	मधेस	११.७	७७.१	१०.३	०.९
	लुम्बिनी	११.८	४८.३	२१.२	१८.७
	काठमाडौं	१०.५	५२.०	२१.३	१६.२
स्थानीय सरकार	समग्र	४५.६	३१.८	२१.५	१.१
	मधेस	३२.३	५५.२	१२.२	०.३
	लुम्बिनी	४१.६	२२.९	३३.८	१.७
	काठमाडौं	६२.८	१७.५	१८.३	१.४

कर्मचारी संयन्त्र, राजनीतिक नेतृत्व र भ्रष्टाचार

५.१ सरकारी सेवा, बिचौलिया र घूस

अप्ठ्यारो परेको बेलामा चिनजानको मानिस भएन भने काम नै हुँदैन भन्नेमा समग्रमा ९२.५ प्रतिशत सहमत छन् भने ४.९ प्रतिशत असहमत छन्। सहमत हुनेमा काठमाडौं (९३.९ प्रतिशत) सबै भन्दा बढी छ भने त्यसपछि मधेश (९२.० प्रतिशत) र लुम्बिनी (९१.६ प्रतिशत) छन्।

बिचौलियाको सहयोगविना सरकारी कार्यालयबाट सेवा लिन गाह्रो छ भन्ने समग्रमा ८८.२ प्रतिशत सहमत छन् भने ६.१ प्रतिशत असहमत छन्। सहमत हुनेमा मधेश (९०.३ प्रतिशत) सबै भन्दा बढी रहेको छ भने त्यसपछि काठमाडौं (८७.८ प्रतिशत) र लुम्बिनी (८६.३ प्रतिशत) छन्।

सरकारी कार्यालयबाट सेवा लिँदा चिया खर्च (घूस) दिनुपर्ने अवस्था छ भन्ने समग्रमा ८०.६ प्रतिशत सहमत छन् भने ७.३ प्रतिशत असहमत छन्। सहमत हुनेमा काठमाडौं (९०.७ प्रतिशत) सबै भन्दा बढी रहेको छ भने त्यसपछि मधेश (८६.९ प्रतिशत) र लुम्बिनी (७५.९ प्रतिशत) छन्।

सरकारी सेवा लिन चिनजानको मानिस आवश्यक पर्ने कुरामा होस् वा बिचौलियाको सहयोगबिना सरकारी कार्यालयबाट सेवा लिन गाह्रो छ भन्ने कुरादेखि सरकारी कार्यालयबाट सेवा लिँदा चिया खर्च (घूस) दिनुपर्ने अवस्था छ भन्नेसम्मको धारणा नागरिकमा अत्यन्त उच्च देखिएको छ।

५.२ राजनीतिक नेतृत्व र भ्रष्टाचार

राजनीतिक नेतृत्वबाट शक्ति, पद र अधिकारको दुरुपयोग हुने गरेको छ भन्नेमा समग्रमा ९२.९ प्रतिशत सहमत छन् भने १.४ प्रतिशत असहमत छन्। सहमत हुनेमा मधेश (९३.७ प्रतिशत) सबै भन्दा बढी छ भने त्यसपछि काठमाडौं (९२.६ प्रतिशत) र लुम्बिनी (९२.४ प्रतिशत) छन्।

राजनीतिक नेतृत्वले भ्रष्टाचारीको संरक्षण गर्ने गरेको छ भन्नेमा समग्रमा ९०.१ प्रतिशत सहमत छन् भने २.३ प्रतिशत असहमत छन्। सहमत हुनेमा काठमाडौं (९१.२ प्रतिशत) सबै भन्दा बढी छ भने त्यसपछि लुम्बिनी (९०.७ प्रतिशत) र मधेश (८८.६ प्रतिशत) छन्।

सरकार (शक्ति) मा हुँदा निकट व्यक्तिलाई कारबाही होइन, जोगाउने काम हुन्छ भन्नेमा समग्रमा ९३.२ प्रतिशत सहमत छन् भने १.६ प्रतिशत असहमत छन्। सहमत हुनेमा लुम्बिनी (९५.० प्रतिशत) सबै भन्दा बढी छ भने त्यसपछि काठमाडौं (९३.५ प्रतिशत) र मधेश (९१.२ प्रतिशत) छन्।

भ्रष्टाचारको मुद्दामा सरकारमा रहँदा जोगाउने/जोगिने र विपक्षमा हुँदा कारबाही भोग्नुपर्ने अवस्था छ भन्नेमा समग्रमा ७५.३ प्रतिशत सहमत छन् भने ७ प्रतिशत असहमत छन्। त्यस्तै ७.१ प्रतिशत न सहमत न असहमत रहे भने १०.६ प्रतिशतले थाहा छैन/भन्न चाहन्न भन्ने जवाफ दिए।

भ्रष्टाचारका ठूला प्रकरणमा राजनीतिक दलबीच मिलेमतो जस्तै हुने गरेको छ भन्नेमा समग्रमा ९०.२ प्रतिशत सहमत छन् भने २.० प्रतिशत असहमत छन्। सहमत हुनेमा काठमाडौं (९४.८ प्रतिशत) सबै भन्दा बढी छ भने त्यसपछि लुम्बिनी (९३.१ प्रतिशत) र मधेश (८२.८ प्रतिशत) छन्।

राजनीतिक नेतृत्वबाट शक्ति, पद र अधिकारको दुरुपयोग हुने गरेको भन्ने धारणामा होस् वा राजनीतिक नेतृत्वले भ्रष्टाचारीको संरक्षण गर्ने गरेको कुरामा वा सरकार (शक्ति) मा हुँदा निकट व्यक्तिलाई कारबाही होइन, जोगाउने काम हुन्छ भन्ने सम्मका विषयमा नागरिकको धारणा अत्यन्त उच्च देखिएको छ। त्यस्तै भ्रष्टाचारको मुद्दामा सरकारमा रहँदा जोगाउने/जोगिने र विपक्षमा हुँदा कारबाही भोग्नुपर्ने अवस्था छ भन्नेमा मात्रै होइन, भ्रष्टाचारका ठूला प्रकरणमा राजनीतिक दलबीच मिलेमतो जस्तै हुने गरेको छ भन्ने विषयमा पनि नागरिकको धारणा अत्यन्त उच्च देखिएको छ।

५.३ काम र नियुक्तिमा नातावाद

सरकारी ठेक्कापट्टाको काम नजिकका व्यक्तिलाई दिने गरिएको छ भन्नेमा समग्रमा ९१.३ प्रतिशत सहमत छन् भने १.९ प्रतिशत असहमत छन्। सहमत हुनेमा मधेश (९४.५ प्रतिशत) सबै भन्दा बढी छ भने त्यसपछि काठमाडौं (९०.१ प्रतिशत) र लुम्बिनी (८९.३ प्रतिशत) छन्।

सरकारी नियुक्तिमा नातावाद र कृपावाद हावी भएको छ भन्नेमा समग्रमा ८९.९ प्रतिशत सहमत छन् भने २.७ प्रतिशत असहमत छन्। सहमत हुनेमा लुम्बिनी (९३.७ प्रतिशत) सबै भन्दा बढी छ भने त्यसपछि काठमाडौं (९३.५ प्रतिशत) र मधेश (८२.६ प्रतिशत) छन्।

सार्वजनिक क्षेत्रमा क्षमता भन्दा नजिकका व्यक्ति नियुक्त हुँदा गतिलो काम भएको छैन भन्नेमा समग्रमा ९१.८ प्रतिशत सहमत छन् भने १.९ प्रतिशत असहमत छन्। सहमत हुनेमा काठमाडौं (९४.३ प्रतिशत) सबै भन्दा बढी छ भने त्यसपछि लुम्बिनी (९३.१ प्रतिशत) र मधेश (८८.० प्रतिशत) छन्।

सरकारी ठेक्कापट्टाको काम नजिकका व्यक्तिलाई दिने गरिएको छ भन्नेमा होस् वा सरकारी नियुक्तिमा नातावाद र कृपावाद हावी भएको छ भन्नेमा होस् वा सार्वजनिक क्षेत्रमा क्षमता भन्दा नजिकका व्यक्ति नियुक्त हुँदा गतिलो काम भएको छैन भन्ने सबैमा नागरिकको धारणा अत्यन्त उच्च देखिएको छ।

तालिका ५ (क) : कर्मचारी संयन्त्र, राजनीतिक नेतृत्व र भ्रष्टाचारको विषयमा उत्तरदाताको धारणा

		सहमत	असहमत	न सहमत न असहमत	थाहा छैन/ भन्न चाहन्न
५.१ सरकारी सेवा, बिचौलिया र घूस					
अप्ठ्यारो परेको बेलामा चिनजानको मानिस भएन भने काम नै हुँदैन।	समग्र	९२.५	४.९	२.६	-
	मधेश	९२.०	५.३	२.७	-
	लुम्बिनी	९१.६	५.९	२.५	-
	काठमाडौं	९३.९	३.६	२.५	-
बिचौलियाको सहयोगविना सरकारी कार्यालयको सेवा लिन गाह्रो छ।	समग्र	८८.२	६.१	४.२	१.५
	मधेश	९०.३	५.३	४.२	०.२
	लुम्बिनी	८६.३	६.१	५.३	२.३
	काठमाडौं	८७.८	६.९	३.२	२.१
सरकारी कार्यालयबाट सेवा लिँदा चिया खर्च (घूस) दिनुपर्ने अवस्था छ।	समग्र	८०.६	७.३	८.१	४.०
	मधेश	८६.९	४.६	८.५	-
	लुम्बिनी	७५.९	७.७	९	७.४
	काठमाडौं	९०.७	२.१	१.७	५.५
५.२ राजनीतिक नेतृत्व र भ्रष्टाचार					
राजनीतिक नेतृत्वबाट शक्ति, पद र अधिकारको दुरूपयोग हुने गरेको छ।	समग्र	९२.९	१.४	२.७	३.०
	मधेश	९३.७	१.७	४.४	०.२
	लुम्बिनी	९२.४	१.३	२.१	४.२
	काठमाडौं	९२.६	१.१	१.५	४.८
राजनीतिक नेतृत्वले भ्रष्टाचारीको संरक्षण गर्ने गरेको छ।	समग्र	९०.१	२.३	३.९	३.७
	मधेश	८८.६	३.१	७.४	०.९
	लुम्बिनी	९०.७	२.१	१.७	५.५
	काठमाडौं	९१.२	१.५	२.५	४.८

सरकार (शक्ति) मा हुँदा निकटलाई कारबाही होइन, जोगाउने काम हुन्छ ।	समग्र	९३.२	१.६	२.८	२.४
	मधेश	९१.२	१.९	६.३	०.६
	लुम्बिनी	९५	०.६	०.८	३.६
	काठमाडौं	९३.५	२.३	१.३	२.९
भ्रष्टाचारको मुद्दामा सरकारमा रहँदा जोगाउने/जोगिने र विपक्षमा हुँदा कारबाही भोग्नुपर्ने अवस्था छ ।	समग्र	७५.३	७	७.१	१०.६
	मधेश	७०.७	१३.९	१४.७	०.७
	लुम्बिनी	७३.५	३.२	२.५	२०.८
	काठमाडौं	८१.७	४	४	१०.३
भ्रष्टाचारका ठूला प्रकरणमा राजनीतिक दलबीच मिलेमतो जस्तै हुने गरेको छ ।	समग्र	९०.२	२.०	५.०	२.८
	मधेश	८२.८	४.२	१२.८	०.२
	लुम्बिनी	९३.१	०.६	१.३	५
	काठमाडौं	९४.८	१.०	१.१	३.१
५.३ काम र नियुक्तिमा नातावाद					
अहिले सरकारी ठेक्कापट्टाको काम नजिकका व्यक्तिलाई दिने गरिएको छ ।	समग्र	९१.३	१.९	२	४.८
	मधेश	९४.५	१.७	३.६	०.२
	लुम्बिनी	८९.३	२.१	१.३	७.३
	काठमाडौं	९०.१	१.९	१.३	६.७
सरकारी नियुक्तिमा नातावाद, कृपावाद हावी भएको छ ।	समग्र	८९.९	२.७	६.५	०.९
	मधेश	८२.६	२.१	१४.९	०.५
	लुम्बिनी	९३.७	२.७	२.९	०.७
	काठमाडौं	९३.५	३.१	१.५	१.९
सार्वजनिक क्षेत्रमा क्षमता भन्दा नजिकका व्यक्ति नियुक्त हुँदा गतिलो काम भएको छैन ।	समग्र	९१.८	१.९	४	२.३
	मधेश	८८	२.९	८.६	०.५
	लुम्बिनी	९३.१	०.८	१.९	४.२
	काठमाडौं	९४.३	१.९	१.५	२.३

५.४ सरकारी कार्यालय र भ्रष्टाचार

स्थानीय सरकारअन्तर्गतका कार्यालयमा कत्तिको भ्रष्टाचार हुन्छ जस्तो लाग्छ भन्ने प्रश्नमा समग्रमा ३२.० प्रतिशतले धेरै र ५१.२ प्रतिशतले अलिअलि भ्रष्टाचार हुने बताएका छन् । धेरै भ्रष्टाचार हुने धारणा मधेश (४१.७ प्रतिशत) मा सबै भन्दा बढी छ भने त्यसपछि काठमाडौं (२९.७ प्रतिशत) र लुम्बिनी (२४.६ प्रतिशत) छन् ।

प्रदेश सरकार मातहतका कार्यालयमा कत्तिको भ्रष्टाचार हुन्छ जस्तो लाग्छ भन्ने प्रश्नमा समग्रमा ४०.३ प्रतिशतले धेरै र ३८.२ प्रतिशतले अलिअलि भ्रष्टाचार हुने बताएका छन् । धेरै भ्रष्टाचार हुने धारणा मधेश (५२.८ प्रतिशत) मा सबै भन्दा बढी छ भने त्यसपछि काठमाडौं (३७.७ प्रतिशत) र लुम्बिनी (३०.३ प्रतिशत) छन् ।

सङ्घीय सरकारअन्तर्गतका कार्यालयमा कत्तिको भ्रष्टाचार हुन्छ जस्तो लाग्छ भन्ने प्रश्नमा समग्रमा ६०.७ प्रतिशतले धेरै र २५.८ प्रतिशतले अलिअलि भ्रष्टाचार हुने बताएका छन् । धेरै भ्रष्टाचार हुने धारणा मधेश (६७.८ प्रतिशत) सबै भन्दा बढी छ भने त्यसपछि काठमाडौं (५८.१ प्रतिशत) र लुम्बिनी (५६.३ प्रतिशत) छन् ।

५.५ भ्रष्टाचारमा को कति जिम्मेवार ?

भ्रष्टाचार हुनुमा कर्मचारी संयन्त्र कत्तिको जिम्मेवार छ भन्नेमा समग्रमा ४९.९ प्रतिशतले धेरै जिम्मेवार र ४१.७ प्रतिशतले अलिअलि जिम्मेवार बताएका छन् । धेरै जिम्मेवार मान्नेमा काठमाडौं (५८.७ प्रतिशत) सबै भन्दा बढी छ भने त्यसपछि मधेश (४७.८ प्रतिशत) र लुम्बिनी (४३.१ प्रतिशत) छन् ।

भ्रष्टाचार हुनुमा राजनीतिक नेतृत्व कत्तिको जिम्मेवार छ भन्नेमा समग्रमा ७१.३ प्रतिशतले धेरै जिम्मेवार र २४.४ प्रतिशतले अलिअलि जिम्मेवार बताएका छन् । धेरै जिम्मेवार मान्नेमा काठमाडौं (८०.८ प्रतिशत) सबै भन्दा बढी छ भने त्यसपछि मधेश (६९.३ प्रतिशत) र लुम्बिनी (६३.९ प्रतिशत) छन् । यस हिसावले भ्रष्टाचार हुनुमा कर्मचारी संयन्त्रको भन्दा राजनीतिक नेतृत्वको जिम्मेवारी बढी रहेको नागरिक बुझाइ देखिन्छ ।

५.६ भ्रष्टाचारको उत्प्रेरक

राजनीतिक नेतृत्वले भ्रष्टाचारका लागि कर्मचारी संयन्त्रलाई कत्तिको दबाव दिन्छन् जस्तो लाग्छ भन्ने प्रश्नमा समग्रमा ५१.८ प्रतिशतले धेरै र ३१.७ प्रतिशतले अलिअलि दबाब दिने बताएका छन् । धेरै दबाब दिने धारणा मधेश (५६.६ प्रतिशत) सबै भन्दा बढी छ भने त्यसपछि काठमाडौं (५५.२ प्रतिशत) र लुम्बिनी (४३.७ प्रतिशत) छन् ।

कर्मचारी संयन्त्रले भ्रष्टाचारका लागि राजनीतिक नेतृत्वलाई कत्तिको प्रोत्साहित गर्छन् जस्तो लाग्छ भन्नेमा समग्रमा ३८.४ प्रतिशतले धेरै र ३९ प्रतिशतले अलि अलि प्रोत्साहित गर्ने बताएका छन् । धेरै प्रोत्साहित गर्ने भन्नेमा मधेश (४४ प्रतिशत) सबै भन्दा बढी छ भने त्यसपछि काठमाडौं (३८.५ प्रतिशत) र लुम्बिनी (३२.६ प्रतिशत) छन् ।

५.७ भ्रष्टाचारमा छानविन र अख्तियारको भूमिका

अहिले चर्चामा आएका भ्रष्टाचारका ठूला काण्डमा छानविन हुन्छ भन्ने कुरामा कत्तिको आशावादी हुनुहुन्छ भन्ने प्रश्नमा समग्रमा केवल ५.१ प्रतिशत धेरै आशावादी र ३०.३ प्रतिशत अलिअलि आशावादी छन् भने ६०.९ प्रतिशत कत्ति पनि आशावादी छैनन् । कत्ति पनि आशावादी नहुनेमा काठमाडौं (६७.४ प्रतिशत) सबै भन्दा बढी छ भने त्यसपछि लुम्बिनी (६२.४ प्रतिशत) र मधेश (५२.८ प्रतिशत) छन् ।

भ्रष्टाचार नियन्त्रणमा अख्तियार र अन्य नियामक निकायको काम कत्तिको प्रभावकारी छ भन्ने प्रश्नमा समग्रमा ५.४ प्रतिशतले धेरै प्रभावकारी र ३५.५ प्रतिशतले अलिअलि प्रभावकारी बताएका छन् भने ४७.२ प्रतिशतले कत्ति पनि प्रभावकारी नभएको बताएका छन् । कत्ति पनि प्रभावकारी नभएको बताउनेमा काठमाडौं (५८.५ प्रतिशत) सबै भन्दा बढी छ भने त्यसपछि लुम्बिनी (४५.२ प्रतिशत) र मधेश (३७.९ प्रतिशत) छन् ।

देशमा भइरहेको भ्रष्टाचारका घटना सुन्दा/थाहा पाउँदा तपाईं कत्तिको आक्रोशित हुनुहुन्छ भन्ने प्रश्नमा समग्रमा ७५.१ प्रतिशत धेरै आक्रोशित र २०.५ प्रतिशत अलिअलि आक्रोशित छन् । धेरै आक्रोशित हुनेमा मधेश (८२.१ प्रतिशत) सबै भन्दा बढी छ भने त्यसपछि काठमाडौं (७२.६ प्रतिशत) र लुम्बिनी (७०.६ प्रतिशत) छन् ।

यसरी भ्रष्टाचारका ठूला काण्डहरूमा छानबिन हुने विषयमा नागरिकको आशावादिता निकै कमजोर देखिएको छ भने भ्रष्टाचार नियन्त्रणमा अख्तियार र अन्य नियामक निकायको कामको प्रभावकारिताप्रति नागरिकको धारणा कमजोर हुनुका साथै देशमा भइरहेको भ्रष्टाचारका घटना सुन्दा/थाहा पाउँदाचाहिँ नागरिकमा आक्रोशको स्तर अत्यन्त उच्च रहेको देखिन्छ ।

तालिका ५ (ख) : सरकारी कार्यालय, भ्रष्टाचारमा जिम्मेवार, उत्प्रेरक, छानबिन र नियामक निकायको भूमिकाप्रति उत्तरदाताको धारणा

		धेरै	अलि अलि	कत्ति पनि छैन	थाहा छैन/ भन्न चाहन्न
५.४ सरकारी कार्यालय र भ्रष्टाचार					
स्थानीय सरकारअन्तर्गतका कार्यालयमा कत्तिको भ्रष्टाचार हुन्छ जस्तो लाग्छ ?	समग्र	३२	५१.२	८.८	८.०
	मधेश	४१.७	४९.१	८.८	०.४
	लुम्बिनी	२४.६	५६.१	७.६	११.७
	काठमाडौं	२९.७	४८.४	९.९	१२
प्रदेश सरकार मातहतका कार्यालयमा कत्तिको भ्रष्टाचार हुन्छ जस्तो लाग्छ ?	समग्र	४०.३	३८.२	१.३	२०.२
	मधेश	५२.८	४३.६	१.९	१.७
	लुम्बिनी	३०.३	३७.८	०.८	३१.१
	काठमाडौं	३७.७	३३.३	१.३	२७.७
सङ्घीय सरकारअन्तर्गतका कार्यालयमा कत्तिको भ्रष्टाचार हुन्छ जस्तो लाग्छ ?	समग्र	६०.७	२५.८	१.२	१२.३
	मधेश	६७.८	२७.८	२.३	२.१
	लुम्बिनी	५६.३	२७.३	०.४	१६.०
	काठमाडौं	५८.१	२२.३	०.८	१८.८
५.५ भ्रष्टाचारमा को कति जिम्मेवार ?					
भ्रष्टाचार हुनुमा कर्मचारी संयन्त्र कत्तिको जिम्मेवार छ ?	समग्र	४९.९	४१.७	४.१	४.३
	मधेश	४७.८	४३.४	८.०	०.८
	लुम्बिनी	४३.१	४७.५	२.३	७.१
	काठमाडौं	५८.७	३४.१	२.१	५.१
भ्रष्टाचार हुनुमा राजनीतिक नेतृत्व कत्तिको जिम्मेवार छ ?	समग्र	७१.३	२४.४	१.६	२.७
	मधेश	६९.३	२७.६	२.५	०.६
	लुम्बिनी	६३.९	३१.१	१.५	३.५
	काठमाडौं	८०.८	१४.५	०.८	३.९
५.६ भ्रष्टाचारको उत्प्रेरक					
राजनीतिक नेतृत्वले भ्रष्टाचारका लागि कर्मचारी संयन्त्रलाई कत्तिको दबाब दिन्छन् जस्तो लाग्छ ?	समग्र	५१.८	३१.७	६.३	१०.२
	मधेश	५६.६	३३.९	८.४	१.१
	लुम्बिनी	४३.७	३५.७	४	१६.६
	काठमाडौं	५५.२	२५.५	६.५	१२.८
कर्मचारी संयन्त्रले भ्रष्टाचारका लागि राजनीतिक नेतृत्वलाई कत्तिको प्रोत्साहित गर्छन् जस्तो लाग्छ ?	समग्र	३८.४	३९	९.७	१२.९
	मधेश	४४	४१.३	१३.३	१.४
	लुम्बिनी	३२.६	३७	७.६	२२.८
	काठमाडौं	३८.५	३८.७	८.२	१४.६
५.७ भ्रष्टाचारमा छानबिन र अख्तियारको भूमिका					
अहिले चर्चामा आएका भ्रष्टाचारका ठूला काण्डहरूमा छानविन हुन्छ भन्ने कुरामा कत्तिको आशावादी हुनुहुन्छ ?	समग्र	५.१	३०.३	६०.९	३.७
	मधेश	९.७	३६.४	५२.८	१.१
	लुम्बिनी	२.७	२९.८	६२.४	५.१
	काठमाडौं	२.९	२४.६	६७.४	५.१

भ्रष्टाचार नियन्त्रणमा अख्तियार र अन्य नियामक निकायको काम कत्तिको प्रभावकारी छ ?	समग्र	५.४	३५.५	४७.२	११.९
	मधेश	११.२	४९.३	३७.९	१.६
	लुम्बिनी	०.४	३२.१	४५.२	२२.३
	काठमाडौं	४.६	२५.१	५८.५	११.८
देशमा भइरहेको भ्रष्टाचारका घटना सुन्दा/थाहा पाउँदा तपाईं कत्तिको आक्रोशित हुनुहुन्छ ?	समग्र	७५.१	२०.५	३.७	०.७
	मधेश	८२.१	१५.८	१.७	०.४
	लुम्बिनी	७०.६	२४.२	४.६	०.६
	काठमाडौं	७२.६	२१.७	४.८	०.९

निष्कर्ष

नेपालको सार्वजनिक शासनप्रति आमनागरिकमा स्थानीय तहप्रति तुलनात्मकरूपमा सकारात्मक अनुभव भए पनि सूचना, पारदर्शिता, संस्थागत कार्यसम्पादन, राजनीतिक नेतृत्व र भ्रष्टाचारप्रति गहिरो अविश्वास देखिन्छ। दैनिक जीवनसँग प्रत्यक्ष जोडिएका केही सेवा विशेषतः टेलिफोन/सञ्चार, इन्टरनेट, विद्युत्, बैङ्क तथा वित्तीय सेवाप्रति उच्च सन्तुष्टि देखिन्छ। तर राज्यका राजनीतिक तथा प्रशासनिक संस्थाको जवाफदेहिता, पारदर्शिता, निष्पक्षता र भ्रष्टाचार नियन्त्रणसँग सम्बन्धित सवालमा भने नागरिक धारणा अत्यन्त नकारात्मक देखिन्छ। नागरिकले राज्यबाट उपलब्ध हुने सेवा र राज्य सञ्चालन गर्ने संस्थालाई एकै हिसाबले मूल्याङ्कन गरिरहेका छैनन्। जहाँ सेवा छिटो, नियमित, प्रत्यक्ष र परिणाममुखी छ त्यहाँ सन्तुष्टि उच्च छ भने जहाँ राजनीतिक निर्णय, प्रशासनिक प्रक्रिया, पारदर्शिता, नियुक्ति, भ्रष्टाचार नियन्त्रण र जवाफदेहिताको प्रश्न आउँछ त्यहाँ असन्तुष्टि पनि अत्यन्त उच्च देखिन्छ। त्यसैले समग्र शासनको समस्या केवल सेवा पुगेन भन्ने मात्र होइन, सेवा कसरी दिइन्छ, कसले दिन्छ, कति पारदर्शी छ, पहुँच कसरी हुन्छ र निर्णयमा नागरिकको भूमिका के/कति छ भन्ने प्रश्नसँग पनि जोडिएको छ।

सार्वजनिक सेवा प्रवाहको सवालमा कुरा गर्दा पहुँचमा केही सुधार भए पनि सेवा प्राप्तिको अनुभव अझै समान र संस्थागत छैन। स्थानीय तहका कार्यालयमा सेवा लिँदा अप्ठ्यारो नपरेको बताउने समग्रमा ६४.९ प्रतिशत नागरिक भए पनि प्रदेशगत भिन्नताले महत्त्वपूर्ण पक्ष उजागर गरेको छ। काठमाडौँमा यस्तो सकारात्मक धारणा ७५.५ प्रतिशत र लुम्बिनीमा ७४.२ प्रतिशत हुँदा मधेसमा केवल ४५.१ प्रतिशत छ। यसले सेवा प्रवाहको अनुभव भूगोलअनुसार समान छैन भन्ने देखाएको छ। तर यही प्रश्नमा सेवासम्बन्धी सूचना र पारदर्शिताको पक्ष जोड्दाचाहिँ अर्कै तस्बिर देखिन्छ। सार्वजनिक सेवाबारे स्थानीय सरकारले उपलब्ध गराउने सूचनाबाट सन्तुष्ट हुने केवल ३७.५ प्रतिशत छन् भने ५१ प्रतिशत असन्तुष्ट छन्। स्थानीय सरकारको काम-कारबाहीको पारदर्शिताप्रति सन्तुष्ट हुने त झन् २३.४ प्रतिशत मात्र छन् र ५५.८ प्रतिशत असन्तुष्ट छन्। यसबाट सेवा पाउनु र शासनप्रति विश्वास हुनु एउटै कुरा होइन। नागरिकले कार्यालयबाट सेवा पाए पनि त्यसको प्रक्रिया, निर्णयको आधार, बजेटको प्रयोग, प्राथमिकता निर्धारण र सूचना प्रवाहप्रति भने सन्तुष्ट नहुन सक्छन्। यसले सेवा प्रवाह भएर मात्र हुँदैन, पारदर्शिता र जवाफदेहिता पनि उत्तिकै महत्त्वपूर्ण रहेको देखाएको छ। कर्मचारी तथा जनप्रतिनिधिको व्यवहारमा तुलनात्मक स्वीकार्यता भए पनि प्रणालीगत पारदर्शितामा कमजोरी देखिन्छ। त्यसैले सार्वजनिक सेवा सुधारको प्रक्रियामा कर्मचारीको व्यवहार सुधारमा मात्र सीमित नभई सूचना, प्रक्रिया, समयसीमा, निर्णयको आधार, गुनासो सुनुवाइ, डिजिटल ट्र्याकिङ र सार्वजनिक जवाफदेहिता जस्ता बहुआयामिक पक्षमा ध्यान दिनुपर्ने देखिन्छ।

सार्वजनिक सेवाको गुणस्तरमा प्रत्यक्ष स्थानीय अनुभव र राष्ट्रिय प्रणालीप्रतिको मूल्याङ्कनबीच महत्त्वपूर्ण अन्तर देखिन्छ। स्वास्थ्य र शिक्षामा नागरिकले आफ्नो वरपरको सेवा र देशको समग्र प्रणालीलाई फरक ढङ्गले मूल्याङ्कन गरेको देखिन्छ। स्थानीय स्वास्थ्य सेवाप्रति ४८.७ प्रतिशत सन्तुष्ट हुँदा देशको समग्र स्वास्थ्य सेवाप्रतिको सन्तुष्टि ३१.५ प्रतिशतमा झरेको छ भने असन्तुष्टि ५० प्रतिशत पुगेको छ। शिक्षामा पनि स्थानीय तहको तुलनामा राष्ट्रिय शिक्षा प्रणालीप्रतिको असन्तुष्टि बढी रहेको देखिन्छ। यसले नागरिकको असन्तुष्टि केवल आफूले प्रत्यक्ष भोगेको सेवाको कमजोरीबाट मात्र उत्पन्न नभई उनीहरूले राष्ट्रिय प्रणालीको समग्र परिणामलाई गरेको मूल्याङ्कनबाट पनि प्रकट भएको छ। विशेषतः काठमाडौँ र लुम्बिनीमा स्थानीय सेवा र राष्ट्रिय प्रणालीबीचको सन्तुष्टिको अन्तर ठूलो देखिनुले अपेक्षा, पहुँच र राष्ट्रिय स्तरको तुलनात्मक चेतनाले नागरिक मूल्याङ्कनलाई प्रभाव पारेको देखिन्छ।

समुदायका अनौपचारिक छलफल/भेलामा सहभागी हुने ५८.७ प्रतिशत छन् भने वडा तहमा योजना छनोटका लागि हुने भेलामा सक्रिय सहभागी हुने केवल २३.९ प्रतिशत छन्। यसले नागरिकको सामाजिक सहभागिता बलियो तर औपचारिक नीति-निर्णयमा कमजोर सहभागितालाई सङ्केत गरेको छ।

सार्वजनिक संस्थाप्रतिको सन्तुष्टिको कुरा गर्दा सेवा दिने संस्थाप्रति विश्वास तर राजनीतिक संस्थाप्रति अविश्वास रहेको देखिन्छ। नेपाल टेलिकम, इन्टरनेट प्रदायक, बैङ्क तथा वित्तीय संस्था र विद्युत् प्राधिकरण जस्ता सेवा र परिणाम दिने संस्थालाई नागरिकले तुलनात्मकरूपमा विश्वास गरेका छन्। तर राजनीतिक निर्णय, नीति निर्माण र सार्वजनिक जवाफदेहितासँग जोडिएका संस्थाप्रति भने नागरिक विश्वास अत्यन्त कमजोर छ।

सरकारको कार्यसम्पादनबारे नागरिक मूल्याङ्कनमा ३ तहको सरकारबीच स्पष्ट अन्तर देखिन्छ। सङ्घीय सरकारलाई प्रभावकारी मान्ने केवल ११.७ प्रतिशत र अप्रभावकारी मान्ने ६०.९ प्रतिशत छन्। प्रदेश सरकारलाई प्रभावकारी मान्ने ११.४ प्रतिशत र अप्रभावकारी मान्ने ५९.१ प्रतिशत छन्। स्थानीय सरकारलाई भने ४५.६ प्रतिशतले प्रभावकारी र ३१.८ प्रतिशतले अप्रभावकारी मानेका छन्। स्थानीय तह नागरिकको दैनिक जीवनसँग प्रत्यक्ष सम्पर्कमा भएकाले तुलनात्मकरूपमा बढी स्वीकार्य छ तर सङ्घीय र प्रदेश सरकारको कार्यसम्पादनप्रति भने नागरिकको धारणा अत्यन्त नकारात्मक छ। मधेसमा यो अन्तर अझ बढी देखिन्छ।

कर्मचारीको व्यक्तिगत व्यवहारप्रति ५९ प्रतिशतले सकारात्मक धारणा राख्दाराख्दै अर्कोतर्फ ९२.५ प्रतिशत नागरिकले चिनजानको मानिस नभए काम नै हुँदैन भन्ने धारणा व्यक्त गर्नु, ८८.२ प्रतिशतले बिचौलियाको सहयोगविना सरकारी सेवा लिन गाह्रो हुने बताउनु र ८०.६ प्रतिशतले सरकारी सेवा लिँदा चिया खर्च/घूस दिनुपर्ने अवस्था बताउनुले समस्या केवल व्यवहारमा नभएर पहुँच र प्रक्रियाको संरचनामा रहेको सङ्केत गरेको छ।

सरकारी ठेक्कापट्टाको काम नजिकका व्यक्तिलाई दिने गरिन्छ भन्नेमा ९१.३ प्रतिशत सहमत हुनु, सरकारी नियुक्तिमा नातावाद/कृपावाद हावी भन्नेमा ८९.९ प्रतिशत सहमत हुनु र क्षमता भन्दा नजिकका व्यक्तिलाई नियुक्त गर्दा राम्रो काम नभएको भन्नेमा ९१.८ प्रतिशत सहमत हुनुले नागरिकले भ्रष्टाचारलाई केवल घूसको रूपमा मात्र नबुझेको रूपमा लिन सकिन्छ। स्रोतको दुरुपयोग, अवसरको असमान वितरण, राजनीतिक पहुँच, नियुक्तिमा नातावाद एवं कृपावाद र सार्वजनिक संस्थाको क्षमतामा आएको ह्रासलाई पनि नागरिकले सुशासनको समस्याका रूपमा हेरिरहेका छन्। नागरिकको नजरमा भ्रष्टाचार व्यक्तिगत अनियमितता मात्र होइन, राजनीतिक संरक्षण, शक्ति सम्बन्ध र संस्थागत मिलेमतोसँग जोडिएको समस्या हो। राजनीतिक नेतृत्वबाट शक्ति, पद र अधिकारको दुरुपयोग हुने गरेको, राजनीतिक नेतृत्वले भ्रष्टाचारीको संरक्षण गर्ने गरेको र सत्तामा हुँदा निकट व्यक्तिलाई कारबाही नगरी जोगाउने काम गरेको बुझाइ नागरिकमा उच्च रहनुले पनि यही कुराको सङ्केत गर्छ।

भ्रष्टाचारका ठूला काण्डमा छानबिन हुन्छ भन्ने विषयमा आशावादिता अत्यन्त कमजोर रहेको र अख्तियार तथा नियामक निकायको प्रभावकारिताप्रति पनि नागरिक धारणा कमजोर देखिन्छ। यससँगै भ्रष्टाचारका घटना सुन्दा वा थाहा पाउँदा नागरिकमा उच्च आक्रोश रहेको पनि देखिन्छ। यसरी एकातिर भ्रष्टाचारप्रति आक्रोश उच्च हुनु र अर्कोतिर भ्रष्टाचार नियन्त्रण गर्ने संस्थामाथिको विश्वास कमजोर हुनु लोकतान्त्रिक शासनका लागि जोखिमपूर्ण हुने सम्भावना रहन्छ।

PURAK ASIA

७७ कुँवर मार्ग, काठमाडौँ-३१, नेपाल
☎ ९७७-१-४५६४५९९
✉ info@purakasia.org
🌐 www.purakasia.org

प्रकाशन मिति : २०८३

आभार

सर्वेक्षणको तथ्याङ्क संकलनका लागि **डा. जीवन बानियाँ** र **साकार सापकोटा** नेतृत्वको **सोसल साइन्स वहाः टोली**।

प्रकाशन प्रस्तुती रुपरेखामा सुझाव दिने **शेहनाज बानु** र डिजाइन गर्ने **बिक्रम चन्द्र मजुमदार**।

यस प्रतिवेदनमा व्यक्त विचार, ब्याख्या र निष्कर्षले पूरक एशियाको संस्थागत धारणालाई प्रतिनिधीत्व नगर्न पनि सक्छ।